# इतिवुत्तक

(भगवान बुद्धका वचनहरू)

भिक्षु धर्मरक्षित



अनुवादक: अर्जुन पाखिन

11674. C

Downloaded from http://www.dhamma.digital

१३२१

# इतिवुत्तक

(भगवान् बुद्धका वचनहरू)

विश्व शान्ति विहार
★ नयाँ बानेश्वर, काठमाडौं ★
२०४१

भिक्षु धर्मरक्षित

Dhamma.Digital

अनुवादक
अर्जुन पाखिन

Downloaded from http://www.dhamma.digital

प्रकाशकः

नन्द सिद्धि गुभाजु

मखंवही, काठमाडौं

बुद्ध सम्वतः २५३४

विक्रम सम्वतः २०४८

ई. स. १९९१

पहिलो संस्करणः ५०० प्रति

मुद्रकः

शारदा प्रिन्टिङ्ग प्रेस

न्हूसाल, धर्मपथ, काठमाडौं

फोनः– २२२-५२७

Downloaded from http://www.dhamma.digital

# प्रस्तावना

बौद्ध उपासक श्री अर्जुन पाखिनद्वारा नेपाली भाषामा अनुवाद गरिएको यो 'इतिवुत्तक' सुत्तपिटक अन्तर्गत खुद्धक निकायको चौथो ग्रन्थ हो । 'इतिवुत्तक' को शाब्दिक अर्थ हुन्छ 'यसो भनियो' अर्थात् भगवान बुद्धले यसो भन्नुभयो भन्ने भावार्थ यस शब्दमा प्रयुक्त भएको छ । त्रिपिटकलाई तीनवटा पिटकहरू भन्ने बुझ्नु पर्दछ । जस्तै– सुत्त पिटक, विनय पिटक र अभिधम्म पिटक । सुत्त पिटक भित्र दीघ निकाय, मज्झिम निकाय, संयुक्त निकाय, अंगुत्तर निकाय र खुद्धक निकायहरू पर्दछन् । फेरि खुद्धक निकाय भित्र खुद्धक पाठ, धम्मपद, उदान, इतिवुत्तक, सुत्तनिपात, विमानवत्थु, पेतवत्थु, थेर गाथा, थेरी गाथा, जातक, निद्धेस, पटिसम्भिदामग्ग, अपदान, बुद्धवंश र चरियापिटक गरी जम्मा पच्चीस ग्रन्थहरू पर्दछन् । विनय पिटकभित्र पाराजिका, पाचित्तिय, महावग्ग, चुल्लवग्ग र परिवार गरी जम्मा पाँच ग्रन्थहरू पर्दछन् । त्यसै गरी अभिधम्म पिटक-भित्र धम्मसंगणी, विभङ्ग, धातुकथा, पुग्गलपञ्ञत्ति, कथा-वत्थु, यमक र पट्ठान गरी जम्मा सात ग्रन्थहरू पर्दछन् ।



Downloaded from http://www.dhamma.digital

खुद्धक निकाय अन्तर्गतको यो चौथो 'इतिवुत्तक' ग्रन्थको बुद्ध धर्ममा ज्यादै महत्वपूर्ण स्थान छ। यस इतिवुत्तक ग्रन्थमा भगवान बुद्धका सानातिना उपदेश र विशेष प्रकारको उपदेश संग्रहित छन्। यसमा भएका उपदेश अथवा बुद्धवचनहरू साना भएपनि ज्यादै गहन र मार्मिक पनि छन्। त्यसर्थ यसमा भएका बुद्धवचनहरूको उचित तरिकाले पालन गर्न सकेमा कुनै पनि व्यक्तिले समृद्धि, सुख र मुक्ति प्राप्त गर्न सक्ने कुरामा दुई मत नहोला।

यस 'इतिवुत्तक' ग्रन्थमा ४ परिच्छेदहरू छन्। पहिलो, दोस्रो र तेस्रो परिच्छेदलाई क्रमशः ३,२ र ५ वर्गहरूमा बाँडिएका छन्। चौथो परिच्छेदमा वर्ग विभाजन गरिएको छैन। ११२ सूत्रहरू भएको यो इतिवुत्तक ग्रन्थ जुन 'वुत्तं हेतं भगवता, वुत्तमरहताति मे सुतं' (भगवानले यसो भन्नुभयो, अर्हतले यसो भन्नुभयो– यस्तो मैले सुने) भन्ने वाक्यबाट शुरू भएर अयम्पि अत्थो वुत्तो भगवता इति मे सुतन्ति (यो कुरा पनि भगवानद्वारा भनिएको हो–यस्तो मैले सुने) भन्ने वाक्यसंग सूत्र पूरा हुन्छ।

बुद्ध धर्ममा यो इतिवुत्तक ग्रन्थको ज्यादै महत्व भएको हुनाले नै मेरो सल्लाह अनुसार अर्जुन पाखिनले यो नेपाली भाषामा अनुवाद गर्नुभएको हो। पाली र हिन्दी भाषामा स्पष्ट बुझ्न नसक्नेहरूका लागि यो नेपाली अनुवाद ज्यादै



Downloaded from http://www.dhamma.digital

उपयोगी हुनेछ। यस ग्रन्थमा उल्लेख गरिएका बुद्ध वचनहरू-लाई यथार्थ रूपमा बुझेर पालन गरी सुख, समृद्धि र मुक्ति प्राप्त गर्नका लागि म सबैलाई आग्रह गर्दछु।

अन्तमा आपना व्यस्त समयहरूलाई केही दिनको निम्ति पन्छाएर भएपनि यो 'इतिवुत्तक' को नेपालीमा अनुवाद गर्ने काम गरिदिनु भएकोमा म अर्जुन पाखिनलाई धन्यवाद दिन चाहन्छु साथै यस ग्रन्थको प्रकाशन गरिदिनु हुने श्रद्धा-वान, पुण्यकर्मी श्री नन्द सिद्धि गुभाजु प्रति पनि म हार्दिक कृतज्ञता प्रकट गर्दछु।

सबैलाई सम्यक दृष्टि प्राप्त होस्!
सबैको मिथ्या धारणा नष्ट होस्!!

धरान
बुद्ध सम्वत २५३५ — भिक्षु धर्मवंश



Downloaded from http://www.dhamma.digital

# दुई शब्द

भिक्षु धर्मवंश (क्षेत्री कुलवाट प्रव्रजित हुनु भएको, वर्मामा बुद्धधर्म र विपश्यना भावनाको अभ्यास गर्नुभएको र हाल घनकुटाको बुद्ध विहारमा धर्मको प्रचार र अभ्यासमा लागिरहनु भएको) संग मेरो भेट भयो अनि उहाँले मलाई भन्नुभयो– "पारिव्रनजी ! तपाइलाई मैले खोजिरहेको थिएं आज भेट भयो ।" मैले वन्दना गरिसकेपछि भने–"भन्ते ! कुनै खास काम थियो कि ?" उहाँले भन्नुभयो– " 'इतिवुत्तक' भन्ने ग्रन्थ बौद्धहरूको लागि ज्यादै महत्वपूर्ण छ, तर यो ग्रन्थ नेपाली भाषामा उपलब्ध छैन ।" त्यसपछि उहाँले झोलावाट भिक्षु धर्मरक्षित द्वारा हिन्दी अनुवाद गरिएको 'इतिवुत्तक' ग्रन्थ मलाई दिनुहुंदै फेरि भन्नुभयो– "यस ग्रन्थलाई सरल नेपाली भाषामा अनुवाद गरिदिनु पर्‍यो । जतिसक्दो चाँडो यस पुण्य कार्यलाई पूरा गर्नुहोस, छपाउने व्यवस्था म मिलाउने छु ।" म भ्याउदिन भनेर मैले भन्न सकिन र अनुवाद गर्ने जिम्मा लिएं ।

मेरो आफ्नो दैनिक कार्य ब्यस्ततावाट अलिअलि फुर्सद निकाल्दै यस ग्रन्थलाई मैले धर्मवंश भन्तेको इच्छानुसार चाँडै नै अनुवाद गरिसकें । मैले यस ग्रन्थलाई कोरा अनुवाद नगरी, मूल बुद्ध वचनहरूको भावार्थमा फरक नपर्ने गरी, सर्वसाधारणले



Downloaded from http://www.dhamma.digital

पढ्न र बुझ्न सक्ने सरल नेपाली भाषामा अनुवाद गरेको छु। छिटो गरिएको काममा केही त्रुटी हुन सक्दछ। त्यसर्थ यसमा मबाट केही त्रुटीहरू भएका रहेछन् भने त्यसको लागि म हृदयदेखि नै क्षमा प्रार्थी छु र त्यस्ता त्रुटीहरूलाई अर्को संस्करणमा सच्चाउने प्रयत्न गर्नेछु।

यस 'इतिवुत्तक' ग्रन्थको अनुवाद गर्दा केही शब्दहरूलाई नेपाली अर्थ लगाउंदा अप्रासांगिक हुने सम्भावना भएको हुंदा जस्तो थियो त्यस्तै नै राखेको छु। अन्य महत्वपूर्ण शब्दहरूको अर्थ र व्याख्या त अन्तिम भागमा बोधिनी अन्तर्गत दिइएकै छ।

अन्तमा यस्तो पुण्य काममा मलाई पनि सरीक गराउनु हुने भन्ते धर्मवंश प्रति म आभार प्रकट गर्दछु। साथै यस ग्रन्थको प्रकाशनमा आर्थिक सहायता गरिदिनु हुने महान पुण्यकर्मी श्री नन्द सिद्धि गुभाजुलाई पनि धन्यवाद दिन चाहन्छु।

– अर्जुन पाखिन

मंसीर पूर्णिमा
बुद्धाब्द २५३४
वि. सं. २०४७



Downloaded from http://www.dhamma.digital

# प्रकाशकीय मन्तव्य

विगत तीन दशकदेखि पूज्य बौद्ध थेरवाद भिक्षुहरूसित निकट रहेर भगवान् बुद्धको सद्धर्म बारे केही ज्ञान गुण अध्ययन र अभ्यास गर्ने सुअवसर पाएकोमा मलाई धेरै खुशी र हर्ष लागिरहेको छ। वहाँहरूको सत्सङ्गबाट बुद्धका केही अमर तथा अमृतमय वाणीहरू सङ्गालिएका अनमोल धर्म ग्रन्थहरू प्रकाशन गर्ने शौभाग्य प्राप्त भइरहेको छ। यसै सिलसिलामा पूज्य भिक्षु धर्मवंशज्यूको तर्फबाट भिक्षु धर्मरक्षितद्वारा हिन्दीमा सम्पादित तथा विद्वान अर्जुन पाख्रिनद्वारा नेपालीमा अनुवादित यस 'इतिवुत्तक' बौद्ध ग्रन्थको पाण्डुलिपि हेर्ने मौका पाएं। धेरै सरल र मार्मिक रूपले प्रस्तुत भएको यो भगवान् बुद्धका इतिवुत्तक उपदेशहरू प्रकाशित गर्ने श्रद्धा ममा तुरुन्तै उत्पन्न भए र यसरी नै यो पुस्तक प्रकाशित गर्न पाएको हो।

'इतिवुत्तक' पवित्र बौद्ध धर्म ग्रन्थको एक अभिन्न अङ्ग हो। यसमा धेरै व्यावहारिक उपदेशहरू समावेश भएको पाइन्छ। अतः पाठकवर्गले यो ग्रन्थ श्रद्धापूर्वक पढेर आफ्नो मनुष्य जीवनमा ठूलो आध्यात्मिक लाभ उठाउने छ भनी आशा राख्दछु। यो नै मेरो तर्फबाट एक प्रकारको बुद्ध–धर्म-संघको भावपूर्ण पूरा हुनेछ।

अन्तमा मेरो मनोकामनानुसार प्रुफ समेत आफैले हेरेर यो पुस्तक छापी दिएकोले शारदा प्रिन्टिङ्ग प्रेसका सबै परिवारलाई हृदयदेखि धन्यवाद दिन चाहन्छु।

मखंबही, काठमाडौं — नन्द सिद्धि गुभाजु
२०४८ वैशाख २९



Downloaded from http://www.dhamma.digital

# विषय–सूची

## पहिलो परिच्छेद

### पहिलो वर्ग


| विषय | पृष्ठ |
|---|---|
| १. राग | १ |
| २. द्वेष | १ |
| ३. मोह | २ |
| ४-५. अमरख = क्रोध | २ |
| ६. घमण्ड | ३ |
| ७. सबै कुराको त्याग | ३ |
| ८. अभिमानको त्याग | ४ |
| ९. लोभको त्याग | ४ |
| १०. द्वेषको त्याग | ५ |


### दोस्रो वर्ग


| | |
|---|---|
| १. मोहको त्याग | ५ |
| २. क्रोधको त्याग | ६ |
| ३. अमरखको त्याग | ६ |
| ४. सबैभन्दा ठूलो ढकनी | ७ |
| ५. सबभन्दा ठूलो बन्धन | ७ |
| ६. उचित मनन | ८ |
| ७. राम्रो मित्रता | ८ |




Downloaded from http://www.dhamma.digital

| विषय | पृष्ठ |
|---|---|
| ८. संघमा फूट | ९ |
| ९. संघमा मेल | ९ |
| १०. नराम्रो चित्त | १० |
| **तेस्रो वर्ग** | |
| १. पवित्र चित्त | १० |
| २. पुण्य सुखकै नाम हो | ११ |
| ३. पुण्य कार्यमा ढीलो नगर्नु | १२ |
| ४. हड्डीहरूको कङ्काल | १३ |
| ५. झूटो वोल्नु | १३ |
| ६. वाँडेर खानु | १४ |
| ७. मैत्री भावना | १४ |
| **दोस्रो परिच्छेद** | |
| **पहिलो वर्ग** | |
| १. इन्द्रिय संयम | १७ |
| २. इन्द्रिय सयम | १७ |
| ३. सन्ताप वढाउने कुराहरू | १८ |
| ४. हर्ष उत्पन्न गराउने कुराहरू | १८ |
| ५. नराम्रो शील | १९ |
| ६. राम्रो शील | १९ |
| ७. सङ्कोच | १९ |
| ८. उल्काउनको लागि हैन | २० |
| ९. लाभ सत्कारको लागि हैन | २१ |



Downloaded from http://www.dhamma.digital

| विषय | पृष्ठ |
|---|---|


१०. संवेगवाट मुक्ति — २१

दोस्रो वर्ग

१. दुई वितर्कहरू — २२
२. दुई प्रकारका उपदेशहरू — २३
३. असल खराबको अगुवा — २४
४. बुद्धको स्पृहा — २४
५. लाज र सङ्कोचद्वारा लोक चल्दछ — २५
६. निर्वाण — २६
७ दुई प्रकारका निर्वाणहरू — २६
८. एकान्तवास गर्नु — २७
९. गुण युक्त हुनु — २८
१०. जाग, उठ — २९
११. यी नरकमा जानेहरू हुन् — ३०
१२. दुई मिथ्या धारणाहरू — ३०

तेस्रो परिच्छेद

पहिलो वर्ग

१. पापको मूल — ३२
२. तीन धातुहरू — ३२
३. तीन वेदनाहरू — ३३
४. तीन वेदनाहरू — ३३
५. तीन खोजहरू — ३४




Downloaded from http://www.dhamma.digital

| विषय | पृष्ठ |
|---|---|
| ६. तीन खोजहरू | ३४ |
| ७. तीन आश्रवहरू | ३५ |
| ८. तीन आश्रवहरू | ३५ |
| ९. तीन तृष्णाहरू | ३५ |
| १०. मारको राज्यबाट बाहिर निक्लनु | ३६ |
| **दोस्रो वर्ग** | |
| १. पुण्यका तीन साधनहरू | ३६ |
| २. तीन चक्षुहरू | ३६ |
| ३. तीन इन्द्रियहरू | ३७ |
| ४. तीन कालहरू | ३७ |
| ५. तीन दुराचारहरू | ३८ |
| ६. तीन सदाचारहरू | ३८ |
| ७. तीन पवित्रताहरू | ३९ |
| ८. मौन भाव | ३९ |
| ९. मारको बन्धनबाट मुक्त | ३९ |
| १०. समुद्रपारी जानु | ४० |
| **तेस्रो वर्ग** | |
| १. मिथ्या धारणाबाट नरकमा परिन्छ | ४० |
| २. सम्यक दृष्टिबाट स्वर्ग प्राप्त हुन्छ | ४१ |
| ३. निस्तार | ४१ |
| ४. निर्वाण शान्त हुन्छ | ४२ |



Downloaded from http://www.dhamma.digital

| विषय | पृष्ठ |
|---|---|
| ५. तीन प्रकारका पुत्रहरू | ४२ |
| ६. तीन प्रकारका व्यक्तिहरू | ४४ |
| ७. शीलपालनबाट सुख | ४५ |
| ८. शरीर नाशवान हुन्छ | ४६ |
| ९. स्वभाव अनुसार मेलमिलाप | ४७ |
| १०. तीन हानिकारक कुराहरू | ४७ |
| **चौथो वर्ग** | |
| १. अकुशल वितर्क | ४८ |
| २. नरकमा परेको देखिएको छ | ४९ |
| ३. देववाणीहरू | ४९ |
| ४. देवताबाट च्युत हुने लक्षणहरू | ५० |
| ५. धेरै मानिसहरूको हितैषी | ५२ |
| ६. अशुभ भावना | ५३ |
| ७. धार्मिकको लक्षणहरू | ५४ |
| ८. राम्रा नराम्रा वितर्कहरू | ५५ |
| ९. यी तीन भित्री शत्रुहरू हुन् | ५५ |
| १०. देवदत्त नारकीय हो | ५६ |
| **पाँचौ वर्ग** | |
| १. तीन अग्रप्रसाद | ५७ |
| २. फलामको तातो गोला खानु उत्तम हो | ५९ |
| ३. त्यो मबाट टाढा हुन्छ | ६० |




Downloaded from http://www.dhamma.digital

| विषय | पृष्ठ |
|---|---|
| ४. तीन अग्निहरू | ६१ |
| ५. फेरो रोकिन्छ | ६२ |
| ६. कामको उत्पति | ६३ |
| ७ संसारदेखि पार भएको | ६३ |
| ८. उत्तम पुरुष को हो ? | ६४ |
| ९. धर्मदान नै श्रेष्ठ हो | ६५ |
| १०. त्रैविद्य ब्राह्मण को हो ? | ६५ |

## चौथो परिच्छेद

| | |
|---|---|
| १. बुद्ध अनुत्तर वैद्य हुनुहुन्छ | ६८ |
| २. चारवटा सुलभ चीजहरू | ६८ |
| ३. आश्रवहरूको क्षय कसरी हुन्छ ? | ६९ |
| ४. असली श्रमण अथवा ब्राह्मण | ७० |
| ५. उहाँको दर्शन लाभदायक छ | ७१ |
| ६. तृष्णाको कारणले भवचक्रमा परिन्छ | ७२ |
| ७. माता पिता नै ब्रह्मा हुन् | ७२ |
| ८. परस्परको सहयोगबाट मुक्ति | ७३ |
| ९. त्यो बुद्धलाई चाहन्छ | ७४ |
| १०. पार भएको व्यक्ति | ७५ |
| ११. निर्वाण कसले पाउँछ ? | ७६ |
| १२. शीलबाट युक्त भएर विहार गर | ७७ |
| १३. बुद्ध तथागत किन कहलाउनु हुन्छ ? | ७८ |



Downloaded from http://www.dhamma.digital

# इतिवुत्तक

## पहिलो परिच्छेद

### पहिलो वर्ग

### १. राग

यस्तो मैले सुनें, भगवानले यसो भन्नुभयो– भिक्षुहरू हो ! एउटा कुरोलाई छाड । म तिमीहरूलाई अनागामी[1] वनाउने जिम्मा लिन्छु ।* कुन एउटा कुरालाई छाड्नु ? भिक्षुहरू हो ! त्यो एउटा कुरो हो लोभ - यसलाई छाड । म तिमीहरूलाई अनागामी वनाउने जिम्मा लिन्छु ।

भगवानले यो कुरो भन्नु भयो । वहाँ यसरी भनिन्छ– "जुन लोभले लोभी भएर प्राणीहरू दुर्गतिमा पुग्दछन्, त्यस्तो लोभलाई योगीहरूले राम्ररी जानेर छाडिदिन्छन् । तिनीहरू त्यसलाई छाडेर फेरि कहिले यस संसारमा आउंदैनन् ।" यी कुराहरू भगवानले भन्नु भयो । यस्तो मैले सुनें ।

### २. द्वेष

……… भिक्षुहरू हो ! एउटा कुरोलाई छाड । म तिनीहरूलाई अनागामी वनाउने जिम्मा लिन्छु । कुन एउटा

---

* जुन शब्दहरूमा १,२ आदि अङ्क मुद्रित भएको छ ती शब्दहरूको व्याख्या 'वोधिनी' मा गरिएको छ । कृपया ग्रन्थको अन्तिम भागमा हेर्नुहोला ।



Downloaded from http://www.dhamma.digital

कुरोलाई छाड्नु ? भिक्षुहरू हो ! त्यो एउटा कुरो हो द्वेष-यसलाई छाड ········ ।

"जुन द्वेषले गर्दा नराम्रो मन भई प्राणीहरू दुर्गतिमा पुग्दछन् । त्यस्तो द्वेषलाई योगीहरूले राम्ररी जानेर छाडि-दिन्छन् । तिनीहरू त्यसलाई छाडेर फेरि कहिलै यस संसारमा आउँदैनन्········।"

## ३. मोह

भिक्षुहरू हो ! एउटा कुरोलाई छाड । म तिमीहरूलाई अनागामी बनाउने जिम्मा लिन्छु । कुन एउटा कुरालाई छाड्नु ? भिक्षुहरू हो ! त्यो एउटा कुरो हो मोह - यसलाई छाड ।

"जुन मोहले गर्दा मूढ भएर प्राणीहरू दुर्गतिमा पुग्दछन्, त्यस्तो मोहलाई योगीहरूले राम्ररी जानेर छाडिदिन्छन् । तिनीहरू त्यसलाई छाडेर फेरि कहिलै यस संसारमा आउंदैनन् ········।"

## ४–५. अमरख (असहनशीलता अथवा क्रोध)

········ भिक्षुहरू हो ! एउटा कुरोलाई छाड । कुन एउटा कुरोलाई छाड्नु ? भिक्षुहरू हो ! त्यो एउटा कुरा हो म्रक्ष (आमर्ष, माख, अमरख अथवा क्रोध) यसलाई छाड ········ ।



Downloaded from http://www.dhamma.digital

"जुन अमरखबाट (क्रोधवाट) अमरखी भएर प्राणीहरू दुर्गतिमा पुग्दछन् । त्यस्तो अमरखलाई योगीहरूले राम्ररी जानेर छाडिदिन्छन् । तिनीहरू त्यसलाई छाडेर फेरि कहिले यस संसारमा आउंदैनन् ……… ।"

## ५. घमण्ड

भिक्षुहरू हो ! एउटा कुरोलाई छाड । कुन एउटा कुरोलाई छाड्नु ? भिक्षुहरू हो ! त्यो एउटा कुरो हो घमण्ड- यसलाई छाड ……… ।

"जुन घमण्डले मात्तिएर प्राणीहरू दुर्गतिमा पुग्दछन्, त्यस्तो घमण्डलाई योगीहरूले राम्ररी जानेर छाडिदिन्छन् । तिनीहरू त्यसलाई छाडेर फेरि कहिले यस संसारमा आउंदैनन् ……… ।

## ६. सबै कुराको त्याग

भिक्षुहरू हो ! सबै राम्रा नराम्रा कुराहरूलाई राम्ररी नजानी, त्यसबाट मन नहटाई, त्यसलाई नछोडी कुनै पनि मानिस दुःख हटाउनमा समर्थ हुन सक्दैन । भिक्षुहरू हो ! सबै राम्रा नराम्रा कुराहरूलाई राम्ररी जानेर, त्यसबाट मनलाई हटाएर, त्यसलाई छाडेर कुनै पनि मानिसले दुःख- लाई हटाउन सक्दछ ……… ।

"जसले सबै कुरालाई सबै प्रकारले जानेर त्यस प्रति राग राख्दैन, उसैले सबै कुरो बुझेर सबै दुःख प्रति अतिक्रमण गरेका छन् ।"



Downloaded from http://www.dhamma.digital

## ७. अभिमानको त्याग

भिक्षुहरू हो ! मानलाई राम्ररी नजानी, त्यसवाट मनलाई नहटाई, त्यसलाई नत्यागी कुनै पनि मानिस दुःखलाई नाश गर्न समर्थ हुंदैन । भिक्षुहरू हो ! मानलाई राम्ररी जानेर, त्यसवाट मनलाई हटाएर, त्यसलाई त्यागेर कुनै पनि मानिस दुःखलाई नाश गर्न समर्थ हुन्छ ··· ····· ।

"मानवाट युक्त, मानवाट बाँधिएको प्राणीहरू संसारमा छन् । जसले मानलाई छाड्दैन त्यो फेरि संसारमा आउंछ तर जसले मानलाई छाडेर, मानलाई खतम पारेर विमुक्त भएको हुन्छ उसले मानको बन्धन चुंडाउने सबै दुःख प्रति अतिक्रमण गरेको छ ।"

## ८. लोभको त्याग

भिक्षुहरू हो ! लोभलाई राम्ररी नजानेर, त्यसवाट मनलाई नहटाई, त्यसलाई नत्यागी कुनै पनि मानिस दुःख नाश गर्न समर्थ हुंदैन । भिक्षुहरू हो ! लोभलाई राम्ररी जानेर, त्यसवाट मनलाई हटाएर, त्यसलाई त्यागेर कुनै पनि मानिस दुःख नाश गर्न समर्थ हुन सक्दछ ········ ।

"जुन लोभवाट लोभी भएर प्राणीहरू दुर्गतिमा पुग्दछन् त्यस्तो लोभलाई योगीहरूले राम्ररी जानेर छाडिदिन्छन् । तिनीहरू त्यसलाई छाडेर फेरि कहिलै यस संसारमा आउंदैनन् ।"



Downloaded from http://www.dhamma.digital

### ९. द्वेषको त्याग

भिक्षुहरू हो ! द्वेषलाई राम्ररी नजानी, त्यसबाट मनलाई नहटाई, त्यसलाई नछाडी कुनै पनि मानिस दुःख नाश गर्न समर्थ हुंदैन । भिक्षुहरू हो ! द्वेषलाई राम्ररी जानेर, त्यसबाट चित्तलाई हटाएर, त्यसलाई त्यागेर कुनै पनि मानिस दुःख नाश गर्नमा समर्थ हुन सक्दछ ।

"जुन द्वेषबाट नराम्रो मन भएर प्राणीहरू दुर्गतिमा पुग्दछन्, त्यस्तो द्वेषलाई योगीहरूले राम्ररी जानेर छाडिदिन्छन् । तिनीहरू फेरि कहिलै यस संसारमा आउदैनन् ।"

## दोश्रो वर्ग

### १. मोहको त्याग

भिक्षुहरू हो ! मोहलाई राम्ररी नजानी, त्यसबाट मनलाई नहटाई, त्यसबाट नत्यागी कुनै पनि मानिस दु.ख नाश गर्न समर्थ हुंदैन । भिक्षुहरू हो ! म हलाई राम्ररी जानेर, त्यसबाट चित्तलाई हटाएर, त्यसलाई त्यागेर मात्र कुनै मानिस दुःख नाश गर्न समर्थ हुन सक्दछ ।

"जुन मोहबाट मूढ भएर प्राणीहरू दुर्गतिमा पुग्दछन्, त्यस्तो मोहलाई योगीहरूले राम्ररी जानेर छाडिदिन्छन् । तिनीहरू त्यसलाई छाडेर फेरि कहिलै यस ससारमा आउंदैनन् ।"



Downloaded from http://www.dhamma.digital

## २. क्रोधको त्याग

भिक्षुहरू हो ! क्रोधलाई राम्ररी नजानी, त्यसबाट मनलाई नहटाई, त्यसलाई नत्यागी कुनै पनि मानिस दुःख नाश गर्न समर्थ हुंदैन। भिक्षुहरू हो ! क्रोधलाई राम्ररी जानेर, त्यसबाट मनलाई हटाएर, त्यसलाई त्यागेर मात्र कुनै पनि मानिस दुःख नाश गर्न समर्थ हुन सक्दछ।

"जुन क्रोधबाट क्रोधी भएर प्राणीहरू दुर्गतिमा पुग्दछन् त्यस्तो क्रोधलाई योगीहरूले राम्ररी जानेर छाडिदिन्छन्। तिनीहरू त्यसलाई छाडेर फेरि कहिले यस संसारमा आउदैनन्।"

## ३. अमरख (असहनशीलता) को त्याग

भिक्षुहरू हो ! समरख (असहनशीलता) लाई राम्ररी नजानेर, त्यसबाट मनलाई नहटाई, त्यसलाई नत्यागी कुनै पनि मानिस दुःख नाश गर्न समर्थ हुंदैन। भिक्षुहरू हो ! अमरखलाई राम्ररी जानेर, त्यसबाट मनलाई हटाएर, त्यसलाई त्यागेर मात्र कुनै पनि मानिस दुःख नाश गर्न समर्थ हुन सक्दछ।

"जुन अमरखबाट अमरखी भएर प्राणीहरू दुर्गतिमा पुग्दछन्, त्यस्तो अमरखलाई योगीहरूले राम्ररी जानेर छाडिदिन्छन्। तिनीहरू त्यसलाई छाडेर फेरि कहिले यस ससारमा आउदैनन्।"



Downloaded from http://www.dhamma.digital

## ४. सबै भन्दा ठूलो ढकनी

भिक्षुहरू हो ! अविद्याको ढकनी जस्तो मैले अरू कुनै त्यस्तो ढकनी देखिन जुन ढकनीले छोपिएका प्राणीहरू चीरकालसम्म भटकिरहन्छन् र यताउति दौडिरहन्छन् । भिक्षुहरू हो ! अविद्याको ढकनीले छोपिएका प्राणीहरू चीरकालसम्म भटकिरहन्छन् र यताउति दौडिरहन्छन् .... ।

"अरू एउटै धर्म यस्तो छैन जस्तो अविद्याको ढकनीले छोपिएको प्राणी रात दिन भटकिरहन्छ अनि जस्तो मोहले ढाकिएको । जसले मोहलाई त्यागेर (अविद्यारुपी) अन्धकारको समूहलाई नाश गर्दछ उसले फेरि भटकिरहनु पर्दैन, किनकि त्यसको हेतु नै हुंदैन ।"

## ५. सब भन्दा ठूलो बन्धन

भिक्षुहरू हो ! म अर्को एउटै त्यस्तो बन्धन देख्दिन जुन बन्धनले बाँधिएको प्राणीहरू चीरकालसम्म भटकिरहन्छन् । भिक्षुहरू हो ! त्यस्तो बन्धन तृष्णाको बन्धन हो । भिक्षुहरू हो ! तृष्णाको बन्धनले बाँधिएको प्राणीहरू चीरकालसम्म भटकिरहन्छन् र दु:ख भोगिरहन्छन् ।

"तृष्णामा टाँसिएको पुरुष चीरकालदेखि भटकिरहेको छ । उत्पन्न हुन्छ अनि मर्दछ । उसले संसारलाई अतिक्रमण गर्न सक्दैन तृष्णाले दु:खलाई जन्माउँछ । यसरी यसको अवगुणलाई थाहा पाएर तृष्णा रहित भई आसक्तिलाई त्यागेर स्मृतिमान भई विचरण गर्नु ।"



Downloaded from http://www.dhamma.digital

## ६. उचित मनन

भिक्षुहरू हो ! अर्हत्व प्राप्त नगरेका शैक्ष्य[2] भिक्षु जो सर्वोतम कल्याण (अर्हत्व) को कामना गर्दछ उसले भित्री अगहरूमा कुनै पनि अंगलाई ज्यादा फाइदाजनक ठान्दैन। भिक्षुहरू हो ! उचित मनन गर्नु भनेको यही हो। भिक्षुहरू हो ! तिनीहरू उचित मनन गर्दै पापलाई त्याग्दछन् र पुण्य-लाई वढाउँछन्.... ।

"शैक्ष्य भिक्षुलाई उत्तम अर्थ (अर्हत्व) प्राप्तिको लागि उचित मनन जस्तो ज्यादा फाइदाजनक अर्को कुनै धर्म हुदैन। उचित तरिकाबाट प्रयत्नशील रही त्यस्तो भिक्षुले दुःख-क्षय (निर्वाण) प्राप्त गर्दछ।"

## ७. राम्रो मित्रता

भिक्षुहरू हो ! अर्हत्व प्राप्त नगरेको शैक्ष्य भिक्षु जो सर्वोतम कल्याण (अर्हत्व) को कामना गर्दछ, उसले वाहिरी अंगहरूमा कुनै पनि अंगलाई ज्यादा फाइदाजनक ठान्दैन। भिक्षुहरू हो ! त्यसलाई राम्रो मित्रता भएको भन्नु पर्दछ। भिक्षुहरू हो ! राम्रो मित्रता भएको भिक्षुले पापलाई त्यागेर पुण्यलाई वढाउंछ.... ।

"जुन भिक्षु राम्रो मित्रता भएको, आज्ञाकारी गौरवयुक्त साथीहरूको भनाई मान्ने र ज्ञान र स्मृतिले युक्त हुन्छ, उसले क्रमशः सबै वन्धनहरूलाई नाश गर्दछ।"



Downloaded from http://www.dhamma.digital

## ८. संघमा फूट

भिक्षुहरू हो ! लोकमा एउटा कुरो उत्पन्न हुंदा धेरै मानिसहरूको अहित, दुःख र अनर्थ हुन्छ। त्यसबाट देव मनुष्यलाई अहित र दुःख हुन्छ। कुन एउटा कुरो ? त्यो हो संघमा फूट। भिक्षुहरू हो ! संघमा फूट हुंदा परस्पर झगडा हुन्छ, परस्परमा गाली, वेइज्जती र अपशब्दहरू बोलिन्छ। यसो हुंदा अश्रद्धालुहरूले श्रद्धा गर्दैनन् र श्रद्धालुहरूको पनि कसैकसैको मन वदलिन्छ।

"संघमा फूट गराउने कल्पभरि नरकमा वस्नु पर्ने हुन्छ। संघमा फूट ल्याउनमा प्रयत्नशील, अधार्मिक व्यक्ति निर्वाण प्राप्तिवाट वंचित हुन्छ। त्यस्तो व्यक्ति संगठित संघलाई भांडेर कल्पभरि नरकमा पर्दछ।"

## ९. संघमा मेल

भिक्षुहरू हो ! लोकमा एउटा कुरो उत्पन्न हुंदा धेरै मानिसहरूको हित र सुख हुन्छ। त्यसबाट देव - मनुष्यको भलाई र सुख हुन्छ। कुन एउटा कुरो ? त्यो हो संघमा मेल। भिक्षुहरू हो ! संघमा मेल भयो भने न परस्परमा झगडा हुन्छ न परस्परमा गाली बेइज्जती र अपशब्दहरू बोलिन्छ। यस्तो भयो भने श्रद्धालुहरूले श्रद्धा गर्दछन् र अश्रद्धालुहरूको पनि श्रद्धा वढ्दछ।.....


Downloaded from http://www.dhamma.digital

"संघमा मिलेर वस्नु सुखदायक हुन्छ । मेल बढाउने, मेल गराउनमा लीन धार्मिक व्यक्ति निर्वाणबाट वंचित हुदैन । त्यस्तो व्यक्तिले संघलाई मेलमिलापमा राखी कल्प-भरि स्वर्गमा आनन्द गर्दछ ।"

## १०. नराम्रो चित्त

भिक्षुहरू हो ! म यहाँ कुनै नराम्रो चित्त भएको व्यक्तिको चित्तलाई आफ्नो चित्तले देखी बुझेर यस्तो जान्दछ – यदि त्यो व्यक्ति यसबेला मर्‍यो भने कुनै सामान ल्याएर राखेको जस्तै नरकमा उत्पन्न हुन्छ । त्यस्तो किन हुन्छ ? भिक्षुहरू हो ! त्यस्तो हुनाको कारण त्यो व्यक्तिको चित्त नराम्रो छ । भिक्षुहरू हो ! त्यसको चित्त नराम्रो भएकोले गर्दा यसरी नै अरू प्राणी पनि मरेपछि नरकमा पैदा हुन्छ ।......

"कुनै व्यक्तिलाई नराम्रो चित्तको छ भनेर जानेपछि भगवान बुद्धले भिक्षुहरूसंग यसो भन्नुभयो–यदि यो व्यक्ति यस बेला मर्‍यो भने नरकमा पैदा हुन्छ । किनभने यसको चित्त नराम्रो छ । जस्तो कुनै चिज ल्याएर हालिदिउं त्यस्तै यो नरकमा उत्पन्न हुन्छ । प्राणीहरू नराम्रो चित्त हुनाको कारणले गर्दा दुर्गतिमा पुग्दछन् ।"

तेस्रो वर्ग

## १. पवित्र चित्त

भिक्षुहरू हो ! म यहाँ कुनै पवित्र चित्त भएको व्यक्तिको चित्तलाई आपनो चित्तले देखी बुझी यस्तो जान्दछु– यदि त्यो



Downloaded from http://www.dhamma.digital

व्यक्ति यसबेला मऱ्यो भने कुनै सामान ल्याएर राखेको जस्तै स्वर्गमा जन्मन्छ । त्यस्तो किन हुन्छ ? भिक्षुहरू हो ! त्यसको चित्त पवित्र भएकोले त्यस्तो भएको हो । भिक्षुहरू हो ! चित्त पवित्र हुनाले यसरी कोही कोही प्राणीहरू मरेपछि स्वर्गलोकमा जन्म लिन्छन् ।

"कुनै व्यक्तिलाई पवित्र चित्त भएको रहेछ भनेर जानेपछि भगवान बुद्धले भिक्षुहरूसंग यसो भन्नुभयो – यदि यो व्यक्ति यसबेला मऱ्यो भने स्वर्गमा जन्म लिन्छ किनभने यसको चित्त पवित्र छ । कुनै चिज ल्याएर हालिदिए जस्तै यो स्वर्गमा जन्मन्छ । प्राणीहरूले पवित्र चित्त भएको कारणले गर्दा सुगति प्राप्त गर्दछन् ।"

## २. पुण्य सुखकै नाम हो

भिक्षुहरू हो ! पुण्यदेखि नडराऊ । भिक्षुहरू हो ! यो पुण्य इष्ट, कान्त, प्रिय मनाप सुखकै नाम हो । भिक्षुहरू हो ! म धेरै दिनसम्म गरिएको पुण्यको इष्ट, कान्त, प्रिय, मनाप फललाई धेरै दिनसम्म भोग गर्न जान्दछु । सात वर्षसम्म मैत्री चित्तको भावना गरेर सात सवर्त[3] (प्रलय) र विवर्त[4] (सृष्टि) कल्प कल्पसम्म यस लोकमा फर्किन । भिक्षुहरू हो ! संवर्त (प्रलय) हुने कल्पमा आभास्वर[5] (ब्रह्मलोक) मा हुन्थे र वितर्क (सृष्टि) हुने कल्पमा शुन्य ब्रह्म-विमानमा उत्पन्न हुन्थे । भिक्षुहरू हो ! त्यहाँ म ब्रह्मा, महाब्रह्मा, अभिभू, अंफित, सर्वद्रष्टा, वशवर्ती हुन्थें । भिक्षुहरू हो ! म छत्तीस पल्ट-देवेन्द्र शक्र भएको थिएं । सैयौं पल्ट धार्मिक,



Downloaded from http://www.dhamma.digital

धर्मराजा, चौतर्फी विजय हुने, जनपदहरूमा शान्ति स्थापना गर्न सक्ने र सात रत्नहरूले युक्त चक्रवर्ती राजा भएको थिएं। प्रादेशिक राज्यको त कुरै के गर्ने ? भिक्षुहरू हो ! मलाई यस्तो विचार आयो– यो मेरो कुन कर्मको फल हो कि कर्मको विपाक हो जसले गर्दा म यस वेला यस्तो तपस्वी र यस्तो प्रतापी भएको छुं। त्यसपछि भिक्षुहरू हो ! मैले यस्तो विचार गरें– यो मेरो तीन कर्महरूको फल हो, तीन कर्म-हरूको विपाक हो, ......... जस्तो कि दानको, (इन्द्रिय–) दमनको र संयमको। .........

"श्रेष्ठ सुखदायक पुण्य गर्नु, दान दिनु, समभ्राचरण गर्नु र मैत्री–चित्तको भावना गर्नु। यी तीन सुखदायक धर्महरूको भावना गरेर बुद्धिमान व्यक्ति दुःख रहित सुखलोक (ब्रह्मालोक) मा उत्पन्न हुन्छ।"

## ३. पुण्य–कार्यमा ढिलो नगर्नु

भिक्षुहरू हो ! एउटा कुरोको भावना गर्दा र त्यसलाई वढाउंदा यो लोक र परलोक दुबैको लागि हितकारक हुन्छ। कुन एउटा कुरो ? पुण्य गर्न प्रमाद नगर्नु, भिक्षुहरू हो ! यो एउटा कुरोको भावना गर्नाले, यसलाई बढाउनाले यो लोक र परलोक दुबैको लागि हितकारक हुन्छ। .........

"बुद्धिमान मानिसहरू पुण्य गर्दा प्रमाद नगर्नेको प्रशंसा गर्दछन्। प्रमाद नगर्ने बुद्धिमान मानिसले दुबै हितहरूलाई प्राप्त गर्दछ जुन हित यस लोक र परलोकको हित हो। दुबै हितहरू प्राप्त गरेका व्यक्तिलाई पण्डित ( बुद्धिमान ) भनिन्छ।"



Downloaded from http://www.dhamma.digital

## ४. हड्डिहरूको कङ्काल

भिक्षुहरू हो ! कल्पभरि आवागमनको फेरोमा परिरहने एउटा व्यक्तिको हड्डिहरूको कङ्काल, हड्डिहरूको समूह र हड्डिहरूको थुप्रो यति अग्लो हुन्छ जति वैपुल्य[6] पहाड अग्लो छ– यदि त्यसलाई कसैले जम्मा गरेर नष्ट पारेन भने ।......

"यदि एक कल्पभरि एउटा मानिसको हड्डि जम्मा गरियो भने त्यसको थुप्रो पहाड जत्रै हुन्छ । महर्षिले यसो भनेका छन् । त्यस्तो थुप्रो राजगृहका नजिकै गृध्रकुट पहाडको उत्तरपट्टिको वैपुल्य पहाड जस्तो अग्लो हुन्छ । जब मानिसले ज्ञानबाट दुःख, दुःखबाट मुक्ति, दुःखलाई शान्ति तिर लैजाने आर्य अष्टाङ्गिक मार्ग[7] र चार आर्य सत्यलाई[8] राम्ररी देख्दछ तब धेरै भनेका सात पटकसम्म जन्म लिएर उसले सबै सांसारिक बन्धनहरूलाई खतम पारेर दुःखको नाश गर्दछ ।"

## ५. झूठो बोल्नु

भिक्षुहरू हो ! जुन व्यक्तिले एउटा कुराको उलङ्घन गर्दछ त्यस्तो व्यक्तिले गर्न नसक्ने काम म केही देख्दिन । कुन एउटा कुरो ? भिक्षुहरू हो ! त्यो हो जानी बुझी झूठो बोल्नु ।.....

"एउटा कुरो उलंघन गरेर जो झूठो बोल्दछ, त्यस्तो परलोकको चिन्तनरहित पुरुषको लागि कुनै यस्तो पाप छैन, जुन उसले गर्न नसकोस् ।"



Downloaded from http://www.dhamma.digital

## ६. बाँडेर खानु

भिक्षुहरू हो ! प्राणीहरूले बाँडेर खाने फललाई यो बाँडेर खाने फल हो भनेर जानेपछि कसैले नदिई त्यस्तो फल नखानू र उसको चित्तमा लोभले घर वनाउंदैन । अन्तिम गांस पनि नबाँडी नखानु यदि अरू खाने मानिस छ भने । भिक्षुहरू हो ! बाँडेर खाने फललाई मैले जानेका जस्तो प्राणीहरूले जान्दैनन् । यसकारण कसैले नदिई पनि खान्छन् र लोभले उनीहरुको चित्तमा घर वनाउँदछ । ....

"महर्षिहरूलाई बाँडेर खाने फलको सम्वन्धमा भने जस्तै अन्य प्राणीहरूले पनि जाने भने लोभलाई त्यागेर पवित्र मनले आर्यहरूलाई दान दिंदा ठूलो फल प्राप्ति हुन्छ। धेरै दान दिन योग्य मानिसलाई अन्न र दान दिएर यहाँ दाताहरू मनुष्य-योनिवाट च्युत भएर स्वर्गमा जान्छन् । उनीहरू स्वर्गमा गएर त्यहाँ ईच्छा वमोजिम आनन्द मनाउंदछन् । बाँडेर खाने फललाई लोभ-रहित मानिसले प्राप्त गर्दछ ।"

## ७. मैत्री-भावना

भिक्षुहरू हो ! जुन कुनै सुगति प्राप्त गराउने खालका पुण्य कर्महरू हुन्छन् । त्यस्ता सबै कर्महरू मैत्री-चित्त विमुक्ति-को सोह्र भागको एक भाग वरावर पनि हुंदैन । वरू मैत्री-चित्त विमुक्ति नै ती सबै कर्महरू भन्दा धेरै उज्यालो र चमकिलो हुन्छ । भिक्षुहरू हो ! ताराको जुन उज्यालो हुन्छ त्यो जूनको उज्यालोको सोह्र भागको एक भाग बराबर पनि



Downloaded from http://www.dhamma.digital

हुंदैन । वरू जूनको उज्यालो नै ताराको उज्यालो भन्दा वरै उज्यालो र चमकिलो हुन्छ । यसरी नै भिक्षुहरू हो ! जुन कुनै सुगति प्राप्त गराउने खालका पुण्य कर्महरू हुन्छन् त्यस्ता सबै कर्महरू मैत्री-चित्त विमुक्तिको सोह्र भागको एक भाग वरावर पनि हुंदैन । वरू मैत्री-चित्त विमुक्ति नै ती सबै कर्म-हरू भन्दा वेरै उज्यालो र चमकिलो हुन्छ । भिक्षुहरू हो ! जसरी वर्षाको अन्तिम महिनामा शरद ऋतुमा वादल नभएको निर्मल आकाशमा तेजिलो सूर्य आकाशमा भएको सबै अन्ध-कारलाई मेटाउंदै, प्रकाशमान हुंदै चमकिन्छ त्यसरी नै जुन कुनै सुगति प्राप्त गराउने खालका पुण्य कर्महरू हुन्छन् त्यस्ता सबै कर्महरू मैत्री-चित्त विमुक्तको सोह्र भागको एक भाग वरावर पनि हुंदैन । वरू मैत्री-चित्त विमुक्ति नै ती सबै कर्महरू भन्दा धरै उज्यालो र चमकिलो हुन्छ । भिक्षुहरू हो ! जसरी रात वितेपछि विहानतिर शुक्रताराको उदय हुन्छ र चम्किन्छ, त्यसरी नै भिक्षुहरू हो ! जुन कुनै सुगति प्राप्त गराउने खालका पुण्य कर्महरू हुन्छन् ती सबै मैत्री-चित्त विमुक्तिको सोह्र भागको एक भाग वरावर पनि हुंदैन । वरू

च/ मैत्री-चित्त विमुक्ति नै ती सबै कर्महरू भन्दा धेरै उज्यालो र चमकिलो हुन्छ । .....

"जुन स्मृतिमानले अप्रमाण मैत्रीको भावना गर्दछ त्यस-वाट संयोजन निर्वाणलाई देखेर दुर्वल हुन्छ । उसले यदि एउटा पनि प्राणीसंग शुद्ध चित्तले मैत्री गर्दछ भने त्यहीवाट ऊ पुण्यवान हुन्छ र उसले यदि सबै प्राणीहरू माथि मनवाट



Downloaded from http://www.dhamma.digital

अनुकम्पा राख्दछ भने त्यस्तो आर्यले धेरै पुण्य कमाउदछ। जुन राजाले प्राणीहरूवाट भरिएको पृथ्वीलाई जितेर दान दिन्छ अनि अश्वमेघ, पुरुषमेघ, सम्मापास, वाजपेय र निरर्गल (सर्वमेघ। यज्ञहरू गर्दछ त्यस्ता कर्महरू मैत्री-चित्तको भावना गरेर प्राप्त गरेको फलको सोह्र भागको एक भाग पनि हुंदैन। जसरी जूनको प्रकाशको अगाडि ताराको प्रकाशको कुनै अस्तित्व हुंदैन। त्यस्तो मैत्री भावना गर्नेले अरूको नोक्सान गर्दैन, हिंसा गर्दैन र सबै प्राणीहरूसंग मैत्री सम्बन्ध राख्दछ अनि उसको कसैसंग दुश्मनी हुंदैन।"

★

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# दोश्रो परिच्छेद

## पहिलो वर्ग

### १. इन्द्रिय संयम

भिक्षुहरू हो ! दुई कुराहरूले युक्त भिक्षुले यस जन्ममा दुःख, पोडा, परेशानी र सन्ताप लिएर बाँच्दछ अनि मर्नेपछि उसले दुर्गति प्राप्त गर्दछ। कुन दुई कुराहरू ? इन्द्रियहरूलाई संयममा नराख्नु र यति भोजन गर्नुपर्छ भनेर मात्रा नजान्नु ।...

"जुन भिक्षुको चक्षु, स्रोत, घ्राण, जिह्वा, काय र मन यति द्वारहरू गुप्त हुदैनन्, यति भोजन गर्नुपर्छ भनेर जुन भिक्षुले जान्दैन, जसका इन्द्रियहरू असंयमी हुन्छन् त्यस्ता भिक्षुले शारीरिक दुःख र चैतसिक दुःख पाउंछ। त्यस्तो भिक्षु जलन युक्त काया र जलन युक्त चित्त लिएर दुःखपूर्वक बाँच्दछ।"

### २. इन्द्रिय संयम

भिक्षुहरू हो ! दुई कुराहरूले युक्त भिक्षु यस जन्ममा सुखका साथ, पीडारहित, विना परेशानी र विना सन्ताप बाँच्दछ अनि मरे पछि उसले सुगति प्राप्त गर्दछ। कुन दुई कुराहरू ? इन्द्रियहरूलाई संयममा राख्नु र यति भोजन गर्नु पर्छ भनेर मात्रा जान्नु ।.

"जुन भिक्षुको चक्षु, स्रोत, घ्राण, जिह्वा, काय र मन यति द्वारहरू गुप्त हुन्छन्, यति भोजन गर्नुपर्छ भनेर जसले



Downloaded from http://www.dhamma.digital

भोजनको मात्रा जान्दछ अनि जसका इन्द्रियहरू संयमी छन् त्यस्तो भिक्षुले सुखपूर्वक शारीरिक सुख र चैतसिक सुख पाउंदछ। त्यस्ता भिक्षु विना जलनको काया र विना जलनको चित्त लिएर सुखपूर्वक बाँचदछ।''

## ३. सन्ताप बढाउने कुराहरू

भिक्षुहरू हो ! दुई कुराले सन्ताप बढाउंछ। कुन दुई कुरा ? भिक्षुहरू हो ! यहाँ कुनै उत्तम कार्य गरिदैन अनि पुण्य गरिदैन। भयको रक्षा गरिदैन र पाप कर्म गरिएको हुन्छ। मैले कुनै उत्तम कार्य गरिन-यस्तो सोचेर कसैले सन्ताप गर्दछ। भिक्षुहरू हो ! यी दुई कुराहरू सन्ताप बढाउने खालका हुन्।

''शारीरिक, वाचिक अथवा मानसिक र अन्य नराम्रा दुष्कर्महरूलाई गरेर, पुण्य कर्म भने नगरेर धेरै पाप कर्महरू गरेमा त्यस्तो दुर्बुद्धि भएको व्यक्ति नरकमा पर्दछ।''

## ४. हर्ष उत्पन्न गराउने कुराहरू

भिक्षुहरू हो ! दुई कुराहरूले सन्ताप बढाउंदैन। कुन दुई कुराहरू ? भिक्षुहरू हो ! यहाँ कुनै उत्तम कार्य गरिने क्रममा पुण्य गरिन्छ, भयको रक्षा गरिन्छ र पाप कर्म गरिदैन। त्यस्तो गर्ने व्यक्तिले ''मैले उत्तम कार्य गरेको छु भनेर हर्षित हुन्छ र सन्ताप हुंदैन।'' भिक्षुहरू ! यो दुई कुराहरूले सन्ताप बढाउंदैन। ...... ...


Downloaded from http://www.dhamma.digital

"शारीरिक वाचिक अथवा मानसिक र अन्य नराम्रा दुष्कर्महरूलाई छाडेर, पाप कर्म नगरी धेरै पुण्य कर्महरू गरेमा मरेपछि त्यस्तो बुद्धिमान व्यक्ति स्वर्गमा पुग्दछ।"

## ५. नराम्रो शील

भिक्षुहरू हो ! दुई कुराले युक्त व्यक्ति ल्याएर हालिदिएको जस्तै नरकमा पर्दछ। कुन दुई ? नराम्रो शील र नराम्रो दृष्टि (धारणा) ले युक्त व्यक्ति नरकमा पर्दछ।

"नराम्रो शील र नराम्रो दृष्टि यी दुई कुराले जुन व्यक्ति युक्त हुन्छ त्यस्तो दुर्बुद्धिवाला व्यक्ति मरेपछि नरकमा पर्दछ।"

## ६. राम्रो शील

भिक्षुहरू हो ! दुई कुराले युक्त व्यक्ति ल्याएर हालिदिएको जस्तै स्वर्गमा पुग्दछ। कुन दुई ? राम्रो शील र राम्रो दृष्टिले युक्त व्यक्ति स्वर्गमा पुग्दछ।

"राम्रो शील र राम्रो दृष्टि यी दुई कुराहरूले जुन व्यक्ति युक्त हुन्छ त्यस्तो बुद्धिमान व्यक्ति मरेपछि स्वर्गमा पुग्दछ।"

## ७. सङ्कोच

भिक्षुहरू हो ! परिश्रम नगर्ने र सङ्कोच नमान्ने भिक्षु सम्बोधि निर्वाण[१] र सर्वोत्तम कल्याण प्राप्तिको लागि अयोग्य हुन्छ। भिक्षुहरू हो ! परिश्रमी र सङ्कोच मान्ने भिक्षु



Downloaded from http://www.dhamma.digital

सम्वोधि, निर्वाण र सर्वोत्तम कल्याण प्राप्तिको लागि योग्य हुन्छ। .........

"जुन परिश्रम नगर्ने, सङ्कोच नगर्ने, अल्छी, प्रयत्न-रहित, मानसिक र शारीरिक आलस्य ज्यादा भएको, लाज नमान्ने र पुण्य कर्म जस्तो कर्मलाई महत्व नदिने भिक्षु हुन्छ। त्यस्तो भिक्षु सम्वोधि प्राप्तिको लागि अयोग्य हुन्छ। जुन स्मृतिमान, ज्ञानी, ध्यानी, परिश्रमी, सङ्कोची र प्रमाद नगर्ने भिक्षु हुन्छ। त्यस्तो भिक्षुले जन्म र बुढोपनको बन्धनलाई यहीं हटाएर सर्वोत्तम सम्वोधि प्राप्त गर्दछ।"

## ८. उल्काउनका लागि हैन

भिक्षुहरू हो! यो जुन ब्रह्मचर्य हो त्यो मानिसलाई उल्काउनका लागि हैन, मानिसहरू मध्येमा आफूलाई ठूलो भनाउनका लागि हैन र लाभ, सत्कार अनि प्रशंसा पाउनका लागि पनि हैन – मानिसहरूले मलाई यस्तो ठानोस्। तर भिक्षुहरू हो! ब्रह्मचर्य भनेको संयम र त्यागको लागि हुन्छ। .........

"उहाँ भगवानले भन्नु भएको छ कि उपद्रव-रहित निर्वाणमा पुऱ्याउने यो ब्रह्मचर्य संयम र त्यागको लागि हो। यो मार्ग ठूला महर्षिहरूद्वारा चलाइएको हो। भगवान बुद्धले भन्नु भएको अनुसार जुन जुन मानिसहरू यस मार्गमा हिंड्छन् तिनीहरू नै शास्ताको (बुद्धको) आज्ञा पालन गर्ने वाला हुन्छन् र तिनीहरूले नै यस मार्गमा हिंडेर दुःखलाई नाश गर्नेछन्।"



Downloaded from http://www.dhamma.digital

## ९. लाभ, सत्कारको लागि हैन

भिक्षुहरू हो ! यो जुन ब्रह्मचर्य हो त्यो मानिसहरूलाई उल्काउनका लागि हैन, मानिसहरू मध्येमा आफूलाई ठूलो भनाउनका लागि हैन र लाभ सत्कार अनि प्रशंसा पाउनका लागि पनि हैन – मानिसहरूले मलाई यस्तो ठानोस् । तर भिक्षुहरू हो ! यो ब्रह्मचर्य अभिज्ञा[10] र परिज्ञाको[11] लागि हो ।

"उहाँ भगवानले भन्नु भएको छ कि उपद्रव – रहित निर्वाणमा पुऱ्याउने यो ब्रम्हचर्य अभिज्ञाको लागि हो । यो मार्ग ठूला महर्षिहरूद्वारा चलाइएको हो । भगवान बुद्धले भन्नु भएको अनुसार जुन जुन मानिसहरू यस मार्गमा हिड्दछन् । तिनीहरू नै शास्ताको आज्ञा पालन गर्नेवाला हुन्छन् र तिनीहरूले नै यस मार्गमा हिंडेर दुःखलाई नाश गर्नेछन् ।"

## १०. संवेगबाट मुक्ति

भिक्षुहरू हो ! दुई कुराहरूले युक्त भिक्षु यही जन्ममा ज्यादै सुख सौमनस्यसंग बाँच्दछ र उसले आश्रव (चित्त मल) क्षयको लागि उचित तरिकाले प्रयत्न गर्दछ । कुन दुई कुराहरू ? संवेग उत्पन्न हुने कुरामा संवेग गर्दा र संवेगको लागि उचित तरिकाले प्रयत्न गर्दा । ........

"परिश्रमी, चतुर र बुद्धिमान भिक्षुले ज्ञानद्वारा राम्ररी हेरेर संवेग उत्पन्न हुने कुरामा सवेग गर्नु । यस्तो व्यवहार गर्ने परिश्रमी, शान्त र चञ्चलपन नभएको (भिक्षुले) चित्तको समाधि (एकाग्रता) मा लागेर दुःखलाई क्षय गर्दछ ।



Downloaded from http://www.dhamma.digital

दोश्रो वर्ग

## १. दुई वितर्कहरू

भिक्षुहरू हो ! तथागत अर्हत सम्यक सम्बुद्धलाई प्राय: दुईवटा वितर्कहरू हुने गर्छन् । कल्याण गर्ने वितर्क र एकान्त चिन्तनको वितर्क । भिक्षुहरू हो ! तथागतले कसैलाई दु:ख दिंदैनन्, कसैलाई दु:ख नदिनेपट्टि नै लागिरहन्छन्, त्यस-कारण भिक्षुहरू हो ! कसैलाई दु:ख नदिने तथागतलाई प्राय: यस्तै वितर्कहरू हुने गर्छन् – 'म यो इर्ष्या (चालढाल) द्वारा कुनै पनि चेतन अथवा जडलाई पीडा दिइरहेको छुइन ।'

भिक्षुहरू हो ! तथागत एकान्त–चिन्तनवाला हुन्छन्, एकान्त चिन्तनमा नै लागिरहन्छन् । यसकारण भिक्षुहरू हो! एकान्त–चिन्तनवाला र एकान्त–चिन्तनमा लागिरहने तथा-गतलाई प्राय: यस्तै वितर्कहरू हुने गर्छन्– 'जुन खरावीहरू थिए ती सबै हटे ।' यसकारण भिक्षुहरू हो ! तिमीहरू पनि कसैलाई दु:ख नदिने र कसैलाई दु:ख नदिनेपट्टि नै लागि-रहनु । भिक्षुहरू हो ! तब कसैलाई दु:ख नदिनेपट्टि लागि-रहनाले तिमीहरूलाई प्राय: यस्तो वितर्क हुने गर्छ –'हामीहरू यो ईर्ष्यावाट कुनै चेतन अथवा जडलाई दु:ख दिइरहेका छैनौं ।

भिक्षुहरू हो ! एकान्त–चिन्तनवाला भएर एकान्त-चिन्तनमा लागिरहनु । भिक्षुहरू हो ! तब एकान्त–चिन्तन-वाला र एकान्त–चिन्तनमा लागिरहंदा तिनीहरूलाई यस्तो



Downloaded from http://www.dhamma.digital

वितर्क हुने गर्छ– 'के खराबी अर्के छ ? के अर्के हटेको छैन ? कसरी हट्यो ?' ... ...

"सहन नहुनेलाई सहने, ( मोहरूपी ) अन्धकारलाई हटाउने, (भवसागरबाट) पार भएको महर्षि जसले पाउनुपर्ने पाएका छन् । आफूलाई वशमा राखेका छन्, जो आश्रव रहित भएर विषमताबाट पार भएका छन्, तृष्णालाई नाश गरेर विमुक्त भएका छन्, जो मुनि हुन् र अन्तिम शरीर धारण गर्दछन्, जसले अभिमानलाई छाडिदिएका छन्, जसलाई म बुढेसकाल पार गर्दै गर्दछु, यसरी उहाँ भगवान बुद्धलाई वितर्क हुने गर्छ पहिलो कल्याणमा लाग्ने वितर्क र दोस्रो चिन्तनको वितर्क ।

"पथरको पहाडको टुप्पामा उभिएर कुनै व्यक्तिले जसरी चारैतिर मानिसहरू हेर्दछ त्यसरी नै सर्वत्र नेत्र भएका महाप्रज्ञावान शोक-रहित भगवान बुद्ध धर्मरुपी महल माथि चढेर शोक मुक्त भई जन्म र जराबाट पीडित मानिसहरूलाई हेर्नुहुन्छ ।"

## २. दुई प्रकारका उपदेशहरू

भिक्षुहरू हो ! पर्यायबाट तथागत अर्हत सम्यक सम्बुद्धको उपदेश दुई प्रकारका हुन्छन् । कुन दुई प्रकार ? पापलाई खराबको रुपमा हेर' यो पहिलो प्रकारको उपदेश हो । पापलाई खराबको रुपमा हेरेर त्यसबाट अलग रहनु, विरक्त हुनु र विमुक्त हुनु' यो दोस्रो प्रकारको उपदेश हो । भिक्षुहरू हो ! पर्याय रुपमा तथागत अर्हत सम्यक सम्बुद्धको उपदेश दुई प्रकारका हुन्छन् ।....



Downloaded from http://www.dhamma.digital

"सब प्राणीहरू माथि अनुकम्पा गर्ने तथागत बुद्धको उपदेश पर्याय रूपमा दुई प्रकारका भनिएका छन् । एउटा खराबलाई चिन्न अर्को त्यसबाट विरक्त चित्तवाला भएर दुःख-को नाश गर्नेछौ ।"

## ३. असल खराबको अगुवा

भिक्षुहरू हो ! खराब कर्म गर्न अविद्या अगुवा हुन्छ, जसका अनुगामी निर्लज्ज र असकोची हुन्छ । भिक्षुहरू हो ! असल कम गर्न विद्या अगुवा हुन्छ, जसको अनुगामी लाज मान्न र सकोची हुन्छ ।

"यो लोक र परलोकमा जुन कुनै दुर्गतिहरू हुन्छन् ती सबै अविद्याका कारणबाट हुन्छ । त्यस्तो दुर्गतिहरू ईच्छा र लोभबाट उत्पन्न हुन्छ । जब मानिसहरू खराब नियतवाला, निर्लज्ज र पुण्य गर्ने कामलाई महत्व नदिने हुन्छ तब उसले पाप कमाउछ र त्यसबाट ऊ नरकमा जान्छ । यसकारण भिक्षुले राग, लोभ र अविद्यालाई त्यागेर विद्या उत्पन्न गरेर सबै दुर्गतिहरूबाट छुट्नु पर्दछ ।"

## ४. बुद्धको स्पृहा (इच्छा, चाहना)

भिक्षुहरू हो ! ती प्राणीहरू पूर्णरुपले वंचित हुन्छन् जो आर्य प्रज्ञाबाट वचित हुन्छन् । तिनीहरू यही जन्ममा दुःख पीडा, परेशानी र संताप लिएर बांच्दछन् र मरेपछि दुर्गतिमा पुग्दछन् । भिक्षुहरू हो ! ती प्राणीहरू पूर्णरुपले बंचित हुंदैनन् जो आर्य प्रज्ञाबाट वंचित छैन । तिनीहरू यही जन्ममा



Downloaded from http://www.dhamma.digital

दुःख, पीडा, परेशानी र सन्ताप नलिई सुखसंग बाँच्दछन् र मरेपछि सुगति प्राप्त गर्दछन् ।

"देवताहरू सहित सबै लोकलाई हेर प्रज्ञाबाट वंचित भएर, नाम र रुपमा आसक्त भएर 'यो नै सत्य हो' भन्ने तिनीहरू सम्झन्छन् । राग आदिलाई नष्ट गर्ने जुन प्रज्ञा छ त्यो नै श्रेष्ठ हो र जसले पटक पटक जन्म लिने प्रक्रियालाई राम्रोसंग जानेको हुन्छ ।

"देवता र मनुष्यहरूले स्मृतिमान तथा प्रज्ञावान बुद्धहरू-लाई स्पृहा गर्दछन्, जो चाहिं अन्तिम शरीर धारण गर्नेवाला हुन्छन् ।"

## ५. लाज र संकोच द्वार लोक चल्दछ

भिक्षुहरू हो ! दुईवटा परिशुद्ध कुराहरूले लोक चल्दछ । कुन दुईवटा कुराहरू ? लाज र संकोच । भिक्षुहरू हो ! यदि यी दुईवटा परिशुद्ध कुराहरू लोकमा भएन भने यहाँ आमा, माईजु, फुपू, गुरुआमा अथवा ठूलाकी स्त्री आदिमा कुनै भेद हुंदैन । भेंडा, बाख्रा, सुंगुर, कुकुर, कुखुरा र स्यालमा जसरी मर्यादाको भेद हुंदैन त्यसरी नै लोकमा लाज र संकोच भएन भने मर्यादाको भेद रहंदैन । तर भिक्षुहरू हो ! यी दुईवटा परिशुद्ध कुराहरूले लोकलाई परिचालन गरेको हुन्छ । यसै-कारण आमा, माईजु फुपु, गुरुआमा अथवा ठूलाकी स्त्री आदिमा भिन्नता हुने गर्दछ ।

"जसमा लाज र संकोच पूर्णरूपले हुंदैन त्यस्तो परिशुद्ध रहित व्यक्ति जन्म र मृत्युको फेरोमा परिरहन्छ । तर जसमा



Downloaded from http://www.dhamma.digital

लाजनर संकोच हुन्छ र जसले ब्रम्हचर्यलाई राम्ररी पालन गर्दछ त्यस्तो शान्त व्यक्तिले फेरि फेरि जन्म लिंदैन।

## ६. निर्वाण

भिक्षुहरू हो ! (निर्वाण) अज्ञात, अभूत, अकृत र असंस्कृत हुन्छ। भिक्षुहरू हो ! यदि यो अज्ञात, अभूत, अकृत र असंस्कृत नभएको भए ज्ञात, भूत, कृत र संस्कृत निस्तार (निर्वाण) हुने थिएन।

"(यो शरीर) ज्ञात, भूत, उत्पन्न, कृत, संस्कृत, अध्रुव, बूढोपन र मृत्युबाट पीडित, रोगको घर, (क्षण-) भंगुर तथा आहार र तृष्णाबाट हुन्छ। यसतो शरीरप्रति मोह राख्नु हुंदैन। यसको निर्वाण अवस्था शान्त हुन्छ। यसलाई तर्क गरेर जान्न सकिंदैन। यो ध्रुव, अज्ञात, उत्पन्न नहुने र शोक, रागरहित हुन्छ। यसमा सबै दुःखको निरोध हुन्छ। यो संस्कारहरूको शान्ति र परम सुख हो।"

## ७. दुई प्रकारका निर्वाणहरू

भिक्षुहरू हो ! निर्वाण धातु दुई प्रकारका हुन्छन्। कुन दुई प्रकारका ? ती हुन् (१) सोपादिशेष निर्वाण धातु र (२) अनुपादिशेष निर्वाण धातु। भिक्षुहरू हो ! सोपादिशेष निर्वाण धातु भनेको के हो ? यहां भिक्षुहरू हो ! कुनै भिक्षु अर्हत, क्षीणाश्रव, ब्रम्हचर्यपूर्ण, कृतकृत्य, भार मुक्त, आफ्नो मतलब प्राप्त गरेको सांसारिक बन्धनबाट मुक्त भएको, सबै खराबीहरूबाट राम्ररी मुक्त भएको र त्यस्तो खराबीहरूलाई राम्ररी जानेर त्यसबाट विमुक्त भएको हुन्छ। उसका



Downloaded from http://www.dhamma.digital

पांचै इन्द्रियहरू हुन्छन् जुन शान्त नहुंदा प्रिय–अप्रियको अनुभव गर्दछ र सुख दुःख भोग्दछ । तर उसको जुन रागको क्षय हुनु छ, द्वेषको क्षय हुनु छ र मोहको क्षय हुनु छ त्यो क्षय भएपछि प्राप्त हुनेलाई सोपादिशेष निर्वाण धातु भनिन्छ ।

भिक्षुहरू हो ! अनुपादिशेष निर्वाण धातु भनेको के हो ? यहाँ भिक्षुहरू हो ! कुनै भिक्षु अर्हत ......त्यसबाट विमुक्त भएको हुन्छ । भिक्षुहरू हो ! उसका सबै अनुभवहरू यहाँ नै अनभिनन्दनीय र शान्त हुन्छन् । भिक्षुहरू हो ! यसैलाई अनुपादिशेष निर्वाण धातु भनिन्छ । भिक्षुहरू हो ! यी हुन् दुई प्रकारका निर्वाण धातुहरू ।....

"अनासवत र चक्षुमान भगवान बुद्धले निर्वाण धातु दुई प्रकारका हुन्छन् भनेर बताउनु भएको छ । एउटा धातुको नाम सोपादिशेष हो जुन यही शरीरमा पटक पटक आउने तृष्णालाई क्षय गरेपछि प्राप्त हुन्छ । अर्को धातु अनुपादिशेष हो जुन यो शरीर बितेपछि प्राप्त हुन्छ र जुन प्राप्त भएपछि उत्पति पूर्णरूपले बन्द हुन्छ । जुन विमुक्त चित्त भएका अर्हतले संसारमा बारम्बार आइरहने तृष्णालाई क्षय गरेपछि असंस्कृत पदलाई जान्दछ उसले धर्मको सारलाई पाई निर्वाणमा लागेर सबै प्रकारका उत्पतिहरूलाई त्याग्छ ।"

## ८. एकान्तवास गर्नु

भिक्षुहरू हो ! एकान्तवास गर्दै एकान्तवासमा लाग्नु, भित्री चित्तलाई शान्त गर्नमा जुट्नु सधैं ध्यानमा बस्ने, विपश्यनायुक्त र एकान्त स्थानमा धेरै बस्ने हुनु । भिक्षुहरू हो !



Downloaded from http://www.dhamma.digital

एकान्तवास गर्ने, एकान्तवासमा लाग्ने, भित्री चित्तलाई शान्त पार्नमा लाग्ने, सधैं ध्यान बस्ने, विपश्यनायुक्त र एकान्त स्थानमा धेरै बस्ने हुंदा भिक्षुले दुईवटा फलमध्ये एउटा प्राप्त गर्दछ – यही जन्ममा अर्हत्वको प्राप्ति अथवा क्लेशहरू भएमा अनागामी भाव।

"जो शान्त-चित्त, ज्ञानी, स्मृतिमान र ध्यानी हुंछ उसले काम-भोगपट्टि अनासक्त भएर राम्ररी धर्मलाई बुझ्दछ। जो प्रमाद नगर्ने र प्रमाद गर्नलाई डराउने हुन्छ ऊ मार्गबाट च्युत हुन योग्य हुंदैन, ऊ त निर्वाणको नजिकै पुगेको हुन्छ।"

## ९. गुण युक्त हुनु

भिक्षुहरू हो! शिक्षाको गुणबाट युक्त, उत्तम प्रज्ञा, विमुक्तिसार र श्रेष्ठ स्मृतिवाला हुनु। भिक्षुहरू हो! शिक्षाको गुणबाट युक्त, उत्तम प्रज्ञा, विमुक्तिसार र श्रेष्ठ स्मृतिवाला हुंदा दुई फल मध्येमा एउटा फल प्राप्त हुन्छ–यही जन्ममा अर्हत्वको प्राप्ति र क्लेशहरू भएमा अनागामी भाव।

"जो अशैक्ष्य (अर्हत) हुन्छ, जसले कुनै कुरो त्याग्न बाँकी हुदैन, जसले उत्तम प्रज्ञा पाएको छ, जसले जन्मलाई खतम भएको देख्न सक्छ र जो अभिमान रहित हुन्छ त्यस्तो अन्तिम शरीरधारी मुनिलाई बुढेसकाल पार गरिसकेको भन्दछु। त्यसकारण भिक्षुहरू हो! सधैं ध्यानमा लीन, एकाग्र, परिश्रमी र जन्मलाई खतम भएको देख्न सक्ने भएर सेना सहितको मारलाई जितेर जन्म र मृत्युबाट पनि पार होऊ।"



Downloaded from http://www.dhamma.digital

## १०. जाग, उठ

भिक्षुहरू हो ! भिक्षुहरूले जागरणशील भएर, स्मृति र ज्ञानले युक्त भएर, एकाग्र भएर अनि प्रमुदित, प्रसन्न भएर अनि पुण्य कर्म गर्नलाई यही समय हो भनेर जान्ने हुनु। भिक्षुहरू हो ! जागरणशील हुंदा, स्मृति र ज्ञानले युक्त हुंदा, एकाग्र हुंदा अनि प्रमुदित, प्रसन्न हुदा अनि पुण्य कर्म गर्ने समय जान्ने हुंदा भिक्षुले दुई फल मध्येमा एउटा फल प्राप्त गर्दछ–यही जन्ममा अर्हत्वको प्राप्ति अथवा क्लेशहरू भएमा अनागामी भाव।

"जागेकाहरूले यसलाई सुनोस् र जो सुतेका छन् तिनीहरू उठुन्। सुत्नु भन्दा जाग्नु श्रेष्ठ हो। जाग्नेहरूलाई भय हुंदैन। जो जागरणशील, स्मृतिमान, संप्रज्ञ, एकाग्र, प्रमुदित र प्रसन्न हुन्छ उसले समयानुसार राम्ररी धर्मको विचार गरेर समाधिस्थ भई (अविद्यारूपी) अन्धकारलाई नष्ट पार्दछ। यसकारण जागरणशील बन। परिश्रमी ज्ञानी र ध्यान प्राप्त भिक्षुले जन्म र बूढोपनको बन्धनलाई चुंडाएर यही जन्ममा सर्वोत्तम ज्ञान प्राप्त गर्दछ।"

## ११. यी नरकमा जानेहरू हुन्

भिक्षुहरू हो ! यी दुई कुराहरू नछाड्ने नरकमा जान्छन्। कुन दुई कुराहरू ? जो अब्रह्मचारी भएर पनि आफूलाई ब्रह्मचारी भन्दछ र जो परिपूर्ण र परिशुद्ध रूपबाट



Downloaded from http://www.dhamma.digital

ब्रह्मचार्य पालन गर्नेलाई विना आधार अब्रह्मचारी हो भनेर झूठो आरोप लगाउदछ । भिक्षुहरू हो ! यी दुई कुराहरू नछाड्ने नरकमा जान्छन् ।

"असत्यवादी नरकमा जान्छन् र त्यो पनि नरकमा नै जान्छ जसले गरेर 'गरिन' भन्दछ । दुवै प्रकारका नीच कर्म गर्ने मनुष्यहरू मरेपछि एकैखालका हुन्छन् । कंठमा काषाय वस्त्र लगाएर कैयन पापीहरू असंयमी बन्छन् । त्यसता पापी-हरू आफूले गरेको पाप कर्मले गर्दा नरकमा जान्छन् । असंयमी र दुराचारी भएर देशको अन्न खानु भन्दा अग्नि-शिखा जस्तै तातिएको फलामको गोला खानु उत्तम हो ।"

## १२. दुई मिथ्या धारणाहरू

भिक्षुहरू हो ! दुई मिथ्या धारणाहरू भएका देवता र मनुष्यहरूसग कोही कोही टाँसिन्छन्, दौडिन्छन् र कोही कोही आँखा (ज्ञावान) भएकाहरूले देख्दछन् । भिक्षुहरू हो ! कसरी कोही कोही टाँसिन्छन् ? भिक्षुहरू हो ! देवता र मनुष्य भवमा रहन्छन्, भवमा रत रहन्छन्, भवमा प्रमुदित हुन्छन्, भव निरोधको उपदेश दिएको समयमा त्यस्तोको चित्त त्यतापट्टि जाँदैन, प्रसन्न हुंदैन, एकै ठाउंमा अडिदैन । यसरी भिक्षुहरू हो ! कोही कोही टाँसिन्छन् ।

भिक्षुहरू हो ! कसरी कोही कोही दौडिन्छन् ? कोही कोही भव प्रति घृणा, लाज र जिगुप्सा गर्दै विभव (उच्छेद) चाहन्छन् । किनभने यो आत्मा शरीर वितेपछि ........



Downloaded from http://www.dhamma.digital

उच्छिन्न हुन्छ, विनष्ट हुन्छ, मृत्युपछि रहँदैन, यही नै शान्ति हो, प्रणित (उत्तम) हो र यही नै यथार्थ हो। भिक्षुहरू हो! यसरी कोही कोही दौडिन्छन्।

भिक्षुहरू हो! कसरी कोही कोही आँखा भएकाले देख्दछन्? यहाँ भिक्षुले भूतलाई (पञ्चस्कन्धलाई)[13] भूतकै दृष्टिले हेर्दछ। भूतको दृष्टिले हेरेर भूतको निर्वेद, विराग अनि निरोधमा लाग्दछ। भिक्षुहरू हो! यसरी आँखा भएकाले देख्दछ।.........

"जसले भूतलाई भूतकै दृष्टिले हेरेर, भूतलाई अतिक्रमण गरेर भव–तृष्णा क्षय भएपछि निर्वाणलाई प्राप्त गर्दछ उसले साना ठूला वस्तुहरूमा वितृष्णा भई भूतलाई जान्न भिक्षु भएर नष्ट भएपछि फेरि जन्म लिदैन।"

★



Downloaded from http://www.dhamma.digital

# तेश्रो परिच्छेद

## पहिलो वर्ग

### १. पापको मूल

भिक्षुहरू हो ! यी तीन पापका मूल हुन् । कुन तीन ? लोभ पापका मूल हो, द्वेष पापको मूल हो, मोह पापको मूल हो । भिक्षुहरू हो ! यी तीन पापका मूल हुन् । .........

"आफू भित्र उत्पन्न लोभ, द्वेष र मोहले पाप चित्त भएको व्यक्तिलाई त्यसरी नै हिंसा गर्दछ जसरी केराका बोटलाई त्यसका फलले गर्दछ ।"

### २. तीन धातुहरू

भिक्षुहरू हो ! यी तीन धातुहरू हुन् । कुन तीन ? रूप धातु, अरूप धातु र निरोध धातु । भिक्षुहरू हो ! यी तीन धातुहरू हुन् । ......

"रूप धातुलाई जानेर अरूप प्रति अनासक्त भएर जसले निरोध (निर्वाण) लाई पाएर सबै क्लेशबाट मुक्त भएको हुन्छ उसले मृत्युलाई खतम पारेको हुन्छ । अनाश्रव सम्यक सम्बुद्धले आफ्नो काया द्वारा सांसारिक आसक्ति रहित निर्वाणलाई स्पर्श गरी, आसक्ति–त्याग राम्रोसंग साक्षात्कार गरी शोक र राग रहित पद (निर्वाण) को उपदेश दिनुहुन्छ ।"



Downloaded from http://www.dhamma.digital

## ३. तीन वेदनाहरू

भिक्षुहरू हो ! यी तीन वेदनाहरू हुन् । कुन तीन वेदना (अनुभव) ? सुख वेदना, दु:ख वेदना र अदु:ख–असुख वेदना । भिक्षुहरू हो ! यी तीन वेदनाहरू हुन् ।......

"एकाग्र-चित्त, संप्रज्ञ र स्मृतिमान बुद्धको शिष्यले वेदना र वेदनाको उत्पत्तिलाई जान्दछ अनि जहाँ यो शान्त हुन्छ त्यसको विनाशको मार्गलाई पनि जान्दछ । वेदनाहरूको विनाशपछि तृष्णा रहित भएर भिक्षुले परिनिर्वाण प्राप्त गर्दछ ।"

## ४. तीन वेदनाहरू

भिक्षुहरू हो ! यी तीन वेदनाहरू हुन् । कुन तीन ? सुख वेदना, दु:ख वेदना र अदु:ख–असुख वेदना । भिक्षुहरू हो ! सुख वेदनालाई दु:खको रूपमा हेर्नु पर्दछ । दु:ख वेदनालाई शल्य (काँढा) को रूपमा हेर्नु पर्दछ । अदु:ख–असुख वेदनालाई अनित्यको रूपमा हेर्नु पर्दछ । भिक्षुहरू हो ! जब भिक्षुले सुख वेदनालाई दु:खको रूपमा, दु:ख वेदनालाई शल्यको रूपमा, अदु:ख–असुख वेदनालाई अनित्यको रूपमा हेर्दछ तब त्यस भिक्षुलाई आर्य समदर्शी भनिन्छ । त्यस्तो भिक्षुले तृष्णालाई क्षय गरेको हुन्छ, सांसारिक बन्धनलाई चुँडाएको हुन्छ अनि घमण्डलाई त्यागेर दु:खलाई नाश गरेको हुन्छ ।........



Downloaded from http://www.dhamma.digital

"जसले सुखलाई दुःखको रूपमा, दुःखलाई शल्यको रूपमा र अदुःख–असुख वेदनालाई अनित्यको रूपमा हेर्दछ ऊ तीनै वेदनाहरूबाट मुक्त भई आफू समदर्शी भिक्षु बन्दछ। त्यस्तो अभिज्ञा–प्राप्त शान्त मुनिले सबै सांसारिक बन्धनहरूलाई नाघेको हुन्छ।"

## ५. तीन खोजहरू

भिक्षुहरू हो! यी तीन खोजहरू हुन्। कुन तीन? काम भोगको खोज, उत्पतिको खोज र ब्रह्मचर्यका खोज। भिक्षुहरू हो! यी तीन खोजहरू हुन्।.........

"एकाग्र चित्त, संप्रज्ञ र स्मृतिमान शिष्यले खोज र खोजको उत्पतिलाई जान्दछ अनि जब यो शान्त हुन्छ त्यसको विनाशको मार्गलाई पनि जान्दछ। खोजको विनाश भएपछि तृष्णा रहित भएर भिक्षुले परिनिर्वाण प्राप्त गर्दछ।"

## ६. तीन खोजहरू

भिक्षुहरू हो! यी तीन खोजहरू हुन्। कुन तीन? काम भोगको खोज, उत्पतिको खोज र ब्रह्मचर्यको खोज।..

"काम भोगको खोज, उत्पतिको खोज र ब्रह्मचर्यको खोजको साथै यसैलाई नै सत्य मान्ने मिथ्या धारणाहरूलाई उत्पन्न गराउनु हो। तर जो सबै प्रकारको रागबाट रहित हुन्छ, र तृष्णाको नाशबाट विमुक्त भएको हुन्छ उसले खोज गर्न त्यागिदिएको हुन्छ अनि उसको मिथ्या धारणाहरू पनि नष्ट भएको हुन्छ। खोजहरू खतम भएपछि भिक्षु तृष्णा र सन्देह रहित हुन्छ।"



Downloaded from http://www.dhamma.digital

## ७. तीन आश्रवहरू (चित्त-मलहरू)

भिक्षुहरू हो ! यी तीन आश्रवहरू हुन् । कुन तीन ? काम आश्रव, भव आश्रव र अविद्या आश्रव । ......

"एकाग्र चित्त, संप्रज्ञ र स्मृतिमान् बुद्धको शिष्यले आश्रव र आश्रवहरूको उत्पतिलाई जान्दछ अनि जहाँ यो शान्त हुन्छ; त्यसको विनासको मार्गलाई पनि जान्दछ । आश्रवहरूको विनाशपछि तृष्णा रहित भएर भिक्षुले परिनिर्वाण प्राप्त गर्दछ ।"

## ८. तीन आश्रवहरू

भिक्षुहरू हो ! यी तीन आश्रवहरू हुन् । कुन तीन ? काम आश्रव, भव आश्रव र अविद्या आश्रव ।....

"जसका काम-आश्रव क्षीण भएको छ र अविद्या हटेको छ, जसको भव आश्रव क्षीण भएको छ र सांसारिक आसक्ति-हरूबाट मुक्त भएको छ उसले सेना सहितको मारलाई जितेर अन्तिम शरीर धारण गर्दछ ।"

## ९. तीन तृष्णाहरू

भिक्षुहरू हो ! यी तीन तृष्णाहरू हुन् । कुन तीन ? काम तृष्णा, भव तृष्णा र विभव तृष्णा.... ।

"जो तृष्णाको बन्धनमा बाँधिएर साना ठूला चीजहरूमा आसक्त भएर मारको बन्धनमा बाँधिएको हुन्छ त्यस्तालाई कल्याण प्राप्त भएको हुँदैन । जन्म र मृत्युको फेरोमा परेको त्यस्तो मानिस भवचक्रमा घुमिरहन्छ । जसले तृष्णालाई



Downloaded from http://www.dhamma.digital

त्यागेको हुन्छ, साना ठूला चीजमा जसको वितृष्णा हुन्छ, उसले आश्रव-क्षय प्राप्त गरी लोकलाई जित्दछ।"

## १०. मारको राज्यबाट बाहिर निक्लनु

भिक्षुहरू हो! तीन कुराहरूले युक्त भएको भिक्षु मारको राज्यलाई अतिक्रमण गरेर सूर्य जस्तै चम्किन्छ। कुन तीन? भिक्षुहरू हो! यहाँ भिक्षु अशैक्ष्य शील-स्कन्धबाट युक्त हुन्छ र अशैक्ष्य प्रज्ञा-स्कन्धबाट युक्त हुन्छ।.....

"जसले शील, समाधि र प्रज्ञाको राम्ररी भावना गर्दछ उसले मारको राज्यलाई अतिक्रमण गरेर सूर्य जस्तै चम्किन्छ।"

### दोस्रो वर्ग

## १. पुण्यका तीन साधनहरू

भिक्षुहरू हो! यी तीन पुण्य क्रिया वस्तुहरू हुन्। कुन तीन? दानमय पुण्यक्रिया वस्तु शीलमय, पुण्यक्रिया वस्तु र भावनामय पुण्यक्रिया वस्तु।.....

"श्रेष्ठ सुखदायक पुण्य गर्नु, दान गर्नु, सम-आचरण गर्नु र मैत्री - चित्तको भावना गर्नु। यी तीन सुखदायक धर्मको भावना गरेर बुद्धिमान व्यक्ति दुःख रहित भएर सुख-लोक (ब्रह्मलोक) मा जन्मन्छ।"

## २. तीन चक्षुहरू

भिक्षुहरू हो! यी तीन चक्षुहरू हुन्। कुन तीन? मांस चक्षु, दिब्य चक्षु र प्रज्ञा चक्षु।...



Downloaded from http://www.dhamma.digital

"मांस चक्षु, दिव्य चक्षु र सर्वोत्तम प्रज्ञा चक्षु यीनैंलाई तीन चक्षुहरू भनेर पुरुषोत्तमले (बुद्धले) भन्नु भएको छ। मांस चक्षुको उत्पत्तिबाट नै दिव्य चक्षुको पनि उत्पति हुन्छ। जब ज्ञान उत्पन्न हुन्छ तब सर्वश्रेष्ठ प्रज्ञा चक्षु उत्पन्न हुन्छ जुन चक्षुको प्राप्तिबाट सबै दुःखबाट छुटकारा हुन्छ।"

## ३. तीन इन्द्रियहरू

भिक्षुहरू हो ! यी तीन इन्द्रियहरू हुन्। कुन तीन ? अनैज्ञात-आज्ञास्यामि (नजानेकोलाई जान्नु) इन्द्रिय, आज्ञा (जान्ने) इन्द्रिय र आज्ञातावी (जानिएको) इन्द्रिय (अर्हत ज्ञान)।...

"सीधा मार्गमा हिंड्ने, अभ्यासशील शैक्ष्यलाई अर्हत-मार्गमा प्रथम ज्ञान हुन्छ, त्यसपछि अर्हत्व-ज्ञान र तत्पश्चात अर्हत्वफलबाट (प्रज्ञा) विमुक्तिको ज्ञान हुन्छ-"सासारिक बन्धनहरू क्षय भएपछि मलाई रीस नउठ्ने खालको विमुक्ति प्राप्त भयो।" उसले इन्द्रिय युक्त, शान्त र शान्ति-पदमा लीन भएर सेना सहितको मारलाई जिते अन्तिम शरीर धारण गर्दछ।"

## ४. तीन कालहरू

भिक्षुहरू हो ! यी तीन कालहरू ( अद्धा ) हुन्। कुन तीन ! अतितकाल, भविष्यतकाल र वर्तमानकाल।...

"प्राणीहरू कथाशील हुन्छन् र तिनीहरू कथामा नै स्थित रहन्छन्। तिनीहरूले कथालाई नजानेर मृत्युको बन्धनमा



Downloaded from http://www.dhamma.digital

पर्दछन् । जसले कथालाई जानेर भन्ने (आत्मा) लाई ग्रहण गर्दैन र मनबाट सर्वोत्तम शान्तिपद विमोक्षलाई स्पर्श गर्दछ जसले निर्वाण प्राप्त गर्दछ र शान्त भएर शान्तिपदमा लीन हुन्छ । राम्ररी शोच विचार गरेर सेवन गर्ने धर्ममा स्थिरता प्राप्त विद्वानले फेरि जन्म लिदैन ।"

## ५. तीन दुराचारहरू

भिक्षुहरू हो ! यी तीन दुराचारहरू (दुश्चरित्रहरू) हुन् । कुन तीन! शारीरिक दुराचार, वाचिक दुराचार र मानसिक दुराचार । .. ...

"शारीरिक, वाचिक र मानसिक दुराचारहरूलाई तथा अरू पनि भएका दोषहरूलाई गरेर, पुण्य कर्म चाहि नगरी धेरै पाप गरेर मूर्ख व्यक्ति मरेपछि नरकमा पर्दछ ।"

Dhamma.Digital

## ६. तीन सदाचारहरू

भिक्षुहरू हो ! यी तीन सदाचारहरू हुन् । कुन तीन ? शारीरिक सदाचार, वाचिक सदाचार र मानसिक सदाचार ।.........

"शारीरिक, वाचिक र मानसिक दुराचारहरू तथा अरू पनि भएका दोषहरूलाई गर्न छाडेर, पाप कर्म नगरी धेरै पुण्य मात्र गरेर प्रज्ञावान व्यक्ति मरेपछि स्वर्गमा पुग्दछ ।"



Downloaded from http://www.dhamma.digital

## ७. तीन पवित्रताहरू

भिक्षुहरू हो ! यी तीन पवित्रताहरू हुन् । कुन तीन ? शारीरिक पवित्रता, वाचिक पवित्रता र मानसिक पवित्रता ।..

"जो शारीरिक, वाचिक र मानसिक पवित्रताले युक्त भएको अनाश्रव (चित्त-मल रहित) हुन्छ । त्यस्तो पवित्रताले युक्त व्यक्तिलाई सर्वत्यागी भनिन्छ ।"

## ८. मौन-भाव

भिक्षुहरू हो ! यी तीन मौन-भावहरू हुन् । कुन तीन? शारीरिक मौन-भाव, वाचिक मौन-भाव र मानसिक मौन-भाव ।.........

"शारीरिक, वाचिक र मानसिक मौनताबाट युक्त भएको अनाश्रव मुनिले पापलाई नुहाएर बगाई दिने गर्छन् ।"

## ९. मारको बन्धनबाट मुक्त

भिक्षुहरू हो ! जसको राग, द्वेष र मोह हटेको हुँदैन त्यस्तालाई मारको बन्धनमा बाँधिएको, मारको जालमा फंसेको भनिन्छ र पापी मारले त्यस्तालाई इच्छानुसार जे पनि गराउँछ । भिक्षुहरू हो ! जसको राग, द्वेष र मोह हटेका हुन्छ त्यस्तालाई मारको बन्धनमा नबाँधिएको, मारको जालमा नफसेको भनिन्छ र पापी मारले त्यस्तालाई इच्छानुसार केही गराउन सक्दैन ।.........

"जसको राग, द्वेष र मोह हटेको हुन्छ त्यस्तो वैरभाव र भय रहित श्रेष्ठ तथागत भगवान् बुद्धलाई सर्वत्यागी भनिन्छ ।"



Downloaded from http://www.dhamma.digital

## १०. समुद्रपारी जानु

भिक्षुहरू हो ! कुनै पनि भिक्षु अथवा भिक्षुणीको राग, द्वेष र मोह हटेको हुँदैन भने त्यस्तालाई लहर, तरङ्ग, भंवर र राक्षस सहित समुद्रपारी गएका भनिदैन । भिक्षुहरू हो ! कुनै पनि भिक्षु अथवा भिक्षुणीको राग, द्वेष र मोह हटेको हुन्छ भने त्यस्तालाई लहर, तरङ्ग, भंवर, मगर र राक्षस सहित समुद्रपारी गएको भनिन्छ । त्यस्तो ब्राह्मण (किनारमा गएर) जमीनमा खडा भएको ठानिन्छ ।.....

''जसको राग, द्वेष र अविद्या हटेको छ उसले मगर, राक्षस र लहर सहितको यो दुस्तर समुद्रलाई पार गर्दछ । त्यस्तो सांसारिक आसक्ति रहित, मृत्यु-त्यागी, बन्धन-मुक्त व्यक्तिले फेरि जन्म लिने दुःखलाई पन्छाउँदछ । उसले मृत्युराजलाई मूढ बनाई दिन्छ-यस्तो म भन्दछु ।''

तेस्रो वर्ग

## १. मिथ्या धारणाबाट नरकमा परिन्छ

भिक्षुहरू हो ! मैले देखेको छु कि जुन प्राणीले शारीरिक, वाचिक र मानसिक दुराचारबाट युक्त भएको, आर्यहरूलाई निन्दा गर्ने, मिथ्या धारणा भएको र मिथ्या धारणाबाट गरिने कर्मलाई गर्ने गरेको थियो त्यस्तो प्राणी मरेपछि नरकमा परेको थियो । भिक्षुहरू हो ! यो कुरा म अरू ब्राह्मणहरूबाट सुनेर भनिरहेको छुइन, तर भिक्षुहरू हो ! यस



Downloaded from http://www.dhamma.digital

कुरालाई म आफैले देखेर, आफैले जानेर अनि आफैले बुझेर भनिरहेको छु । ........

"यो छोटो जीवनमा मूर्ख, अल्पश्रुत र पुण्य नगर्ने व्यक्ति मिथ्या मन गरेर, मिथ्या वचन बोलेर अनि शरीरले पनि मिथ्या कर्म गरेर मरेपछि नरकमा पर्दछ ।"

## २. सम्यक दृष्टिबाट स्वर्ग प्राप्त हुन्छ

भिक्षुहरू हो ! मैले देखेको छु कि जुन प्राणीले शारीरिक, वाचिक र मानसिक सदाचारबाट युक्त भएको, आर्यहरूलाई निन्दा नगर्ने, सम्यक दृष्टि भएको र सम्यक दृष्टिबाट गरिने कर्मलाई गर्ने गरेको थियो त्यस्तो प्राणी मरेपछि स्वर्गमा पुगेको थियो । भिक्षुहरू हो ! यस कुरालाई म अरू ब्राम्हण-हरूबाट सुनेर भनिरहेको छुइन, तर भिक्षुहरू हो ! यस कुरालाई म आफैले देखेर, आफैले जानेर अनि आफैले बुझेर भनिरहेको छु ।...

"यो छोटो जीवनमा प्रज्ञावान, बहुश्रुत र पुण्य गर्ने व्यक्ति सम्यक मन गरेर, सम्यक वचन बोलेर अनि शरीर-बाट पनि सम्यक कर्म गरेर स्वर्गमा पुग्दछ ।"

## ३. निस्तार ( पार हुने भाव )

भिक्षुहरू हो ! यी तीन निस्तार धातुहरू हुन् । कुन तीन ? कामको निस्तरण (पार हुनु) नैष्क्रम्य (निष्काम भाव) हुन्छ, रूपको निस्तरण आरूप्य हुन्छ र जुन भूत, संस्कृत, प्रतित्य–समुत्पन्न (कार्यकारणबाट उत्पन्न) हुन्छ त्यस्को निस्तरण निरोध हुन्छ ।.....



Downloaded from http://www.dhamma.digital

"कामको निस्तरण र रूपको अतिक्रमणलाई जानेर परिश्रमी (शिक्षुले) संधं सबै संस्कारहरूको शमन (निर्वाण) लाई प्राप्त गर्दछ । ऊ त्यसबाट मुक्त भएको हुंदा समदर्शी भिक्षु हुन्छ । त्यस्तो अभिज्ञा प्राप्त शान्त मुनिले सर्व सांसारिक बन्धनहरूलाई नाघेको हुन्छ ।"

## ४. निर्वाण शान्त हुन्छ

भिक्षुहरू हो ! रूपभन्दा अरूप शान्त हुन्छ र अरूप भन्दा निरोध (निर्वाण) शान्त हुन्छ ।...

"जुन रूप लोकमा उत्पन्न भएको प्राणी हुन्छ र जुन अरूप लोकमा रहन्छ त्यस्तोले निर्वाण नपाएर फरि जन्म लिने गर्दछ । जसले रूप लोकलाई त्यागेर, अरूप लोकमा स्थिर नभई निर्वाण पाउंदछ त्यस्तोले मृत्युलाई खतम पार्दछ । अनाश्रव सम्यक सम्बुद्धले शरीरद्वारा सांसारिक आसक्ति रहित निर्वाणलाई स्पर्श गरेर आसक्ति त्यागलाई राम्ररी साक्षात्कार गरेर शोक र राग रहित पद (निर्वाण) को उपदेश दिनुहुन्छ ।"

## ५. तीन प्रकारका पुत्रहरू

भिक्षुहरू हो ! संसारमा तीन प्रकारका पुत्रहरू विद्यमान छन् । कुन तीन ? अतिजात, अनुजात र अवजात । भिक्षुहरू हो ! कसरी अतिजात पुत्र हुन्छ ? यहाँ भिक्षुहरू हो ! जुन पुत्रको माता पिता बुद्ध, धर्म र संघको शरणमा गएका हुन्छन्, जीव हिंसा, चोरी, व्यभिचार, असत्य भाषण



Downloaded from http://www.dhamma.digital

गर्ने हुन्छन् र जाँड रक्सी सेवन गर्ने हुन्छन्, दुराचारी र पापी हुन्छन्, तर तिनीहरूको पुत्र भने बुद्ध, धर्म र संघको शरणमा गएको हुन्छ, जीव हिंसा, चोरी, व्यभिचार, असत्य भाषण नगर्ने हुन्छ र जाँड रक्सी सेवन पनि नगर्ने सदाचारी र पुण्यात्मा हुन्छ। यसरी भिक्षुहरू हो ! अतिजात पुत्र हुन्छ।

भिक्षुहरू हो ! अनुजात पुत्र कसरी हुन्छ ? यहाँ भिक्षुहरू हो ! पुत्रको माता पिता बुद्ध, धर्म र संघको शरणमा गएका हुन्छन्, जीव हिंसा, चोरी व्यभिचार, असत्य भाषण नगर्ने हुन्छन्, जाँड रक्सी पनि सेवन नगर्ने सदाचारी र पुण्यात्मा हुन्छन् अनि तिनीहरूका पुत्र पनि बुद्ध, धर्म र संघको शरणमा गएको हुन्छ र सदाचारी र पुण्यात्मा हुन्छ। यसरी भिक्षुहरू हो ! अनुजात पुत्र हुन्छ।.....

भिक्षुहरू हो ! अवजात पुत्र कसरी हुन्छ ? यहाँ भिक्षुहरू हो ! पुत्रको माता पिता बुद्ध, धर्म र संघको शरणमा गएका हुन्छन्,.... सदाचारी र पुण्यात्मा हुन्छन् तर तिनीहरूको पुत्र चाहिं बुद्ध, धर्म र संघको शरणमा गएको हुंदैन... ..... .. दुराचारी र पापी हुन्छ। यसरी भिक्षुहरू हो ! अवजात पुत्र हुन्छ।.........

"बुद्धिमानले अतिजात र अनुजात पुत्रको कामना गर्दछ तर अवजात पुत्रको कामना गर्दैन। किनभने त्यसतो पुत्रले कुलको नाश गर्दछ। त्यस्तो पुत्र संसारमा धेरै हुन्छ। जुन



Downloaded from http://www.dhamma.digital

उपासक श्रद्धा र शीलले मुक्त हुन्छ, उदार र लोभ रहित हुन्छ ऊ घना बादलबाट मुक्त भएको जून जस्तै सभाहरूमा सुशोभित हुन्छ ।"

## ६. तीन प्रकारका व्यक्तिहरू

भिक्षुहरू हो ! संसारमा तीन प्रकारका व्यक्तिहरू हुन्छन् । कुन तीन ? अवृष्टिसम, प्रदेश वर्षी र सर्वत्र वर्षी । भिक्षुहरू हो ! अवृष्टिसम व्यक्ति कस्तो हुन्छ ? यहाँ भिक्षुहरू हो ! एउटा कुनै व्यक्ति कुनै पनि श्रामण, ब्राह्मण, निर्धन, पथिक, भिखारी र याचकलाई अन्न, पेय पदार्थ, वस्त्र, यान मालागन्ध, आलेप, शय्या, आवास अनि प्रदीप नदिने खालको हुन्छ । त्यस्तो व्यक्ति भिक्षुहरू हो ! अवृष्टिसम हुन्छ ।

भिक्षुहरू हो ! कसरी कुनै व्यक्ति प्रदेश वर्षी हुन्छ? यहाँ भिक्षुहरू हो ! एउटा कुनै व्यक्ति कुनै कुनै श्रमण, ब्राम्हण... अनि याचकलाई अन्न पेय पदार्थ.........र प्रदीप दिने खालको हुन्छ । त्यस्तो व्यक्ति भिक्षुहरू हो ! प्रदेश वर्षी हुन्छ ।

भिक्षुहरू हो ! कसरी कुनै व्यक्ति सर्वत्र वर्षी हुन्छ ? यहाँ भिक्षुहरू हो ! कुनै एउटा व्यक्ति सबै श्रमण, ब्राम्हण र याचकहरूलाई दिने खालको हुन्छ । त्यस्तो व्यक्ति भिक्षुहरू हो ! सर्वत्र वर्षी हुन्छ ।......

"जसले श्रमण, ब्राह्मण, निर्धन, पथिक र याचकहरूलाई अन्न, पेय पदार्थ र भोजन दिदैन त्यो अवृष्टिसम हुन्छ ।



Downloaded from http://www.dhamma.digital

त्यसलाई बुद्धिमानहरूले अधर्म पुरुष भन्दछन् । जसले कसै-कसैलाई दिन्छ र कसैकसैलाई दिंदैन त्यो प्रदेश वर्षा हुन्छ–बुद्धिमानीहरू यसै भन्छन् । जो व्यक्ति (पुरुष) भिक्षा दिने खालको बोली बोल्दछ, जो व्यक्तिले सबै प्रणीहरूलाई दया गर्दछ र उदार मनले 'देऊ, देऊ' भन्दछ – जसरी बादल गडगडाउंदै गर्जिदै वर्सिन्छ र पानीले अग्ला अग्ला जमिनहरू डुबाउंछ, त्यसरी नै यहाँ त्यस्तो कुनै व्यक्ति हुन्छ जसले धर्म पूर्वक परिश्रमबाट प्राप्त धनलाई जुटाएर भिखारीहरूलाई राम्ररी अन्न र पेय पदार्थबाट तृप्त पार्दछ ।''

## ७. शील पालनबाट सुख

भिक्षुहरू हो ! तीन सुखलाई चाहने बुद्धिमान व्यक्तिले शीलको पालन गर्नु पर्दछ । कुन तीन ? मेरो प्रशंसा होस् भनेर चाहना गर्ने बुद्धिमान व्यक्तिले शीलको पालन गर्नु पर्दछ । मलाई भोग प्राप्त होस् भनेर चाहना गर्ने व्यक्तिले शीलको पालन गर्नु पर्दछ । मरेपछि स्वर्गलोकमा जान पाउँ भनेर चाहना गर्ने बुद्धिमान व्यक्तिले शीलको पालन गर्नु पर्दछ ।

''प्रशंसा, धन लाभ र परलोक र स्वर्गमा आनन्द, यी तीन प्रकारका सुखहरूलाई चाहना गर्ने बुद्धिमान व्यक्तिले शीलको पालन गर्नु पर्दछ । यदि पाप नगरी पनि पाप गर्ने-हरूसंग संगत गर्दछ भने त्यस्तो व्यक्ति पाप कर्ममा सन्देहात्मक हुन्छ र त्यस्तो व्यक्ति निन्दित हुन सक्छ । जसले जस्तो मैत्री सम्बन्ध राख्दछ र जस्तो संगत गर्दछ ऊ त्यस्तै नै हुन्छ,



Downloaded from http://www.dhamma.digital

किन कि उसको संगत नै त्यस्तो हुन्छ । राम्रो व्यक्ति पनि नराम्रोसंग संगत गरेर त्यसरी नै बिग्रिन्छ जसरी विषयुक्त वाणको समूहमा विष नलगाइएको वाण पनि विषालु हुन्छ । त्यसकारण बुद्धिमान हुनु छ भने नराम्रो संगत नगर्नु । जसरी कुहेका माछालाई कुनै व्यक्तिले कुशको एक छेउले मात्र बाँधेमा पनि कुश नै दुर्गन्धित हुन्छ त्यसरी नै मूर्खको संगतले पनि मूर्ख नै भइन्छ । अनि जसरी पलासको फूलमा तगर (सुगन्धित काठ) राखिदिदा त्यो पनि सुगन्धित भए जस्तै बुद्धिमानको संगत गर्दा बुद्धिमान नै भइन्छ । त्यसकारण पलासमा तगर (सुगन्धित काठ) राखे जस्तै त्यसको परिणामलाई जानेर बुद्धिमाणले दुर्जनहरूको संगत गर्नु हुँदैन । सत्पुरूषहरूको मात्र संगत गर्नु राम्रो हुन्छ । दुर्जनको संगतले नरकमा पुराउंछ र सत्पुरूषको संगतले स्वर्गमा पुराउंछ ।"

## ८. शरीर नाशवान हुन्छ

भिक्षुहरू हो ! यो शरीर नष्ट हुने खालको छ, विज्ञान विनाश हुने खालको छ र सबै सांसारिक आसक्तिहरू अनित्य, दुःख र परिवर्तनशील छन् ।

"शरीरलाई नष्ट हुने खालको, विज्ञानलाई विनाश हुने खालको र जन्म, मृत्युमा परेको सांसारिक आसक्तिहरूलाई भयको रूपमा हेरेर बुझेर अनि परम शान्ति पाएर भक्तितात्मा मानिसहरू समयलाई पर्खन्छन् ।"


Downloaded from http://www.dhamma.digital

## ९. स्वभाव अनुसार मेलमिलाप

भिक्षुहरू हो ! प्राणीहरू स्वभाव अनुसार अरू प्राणीहरू-संग मेलमिलाप राख्दछन् । नीच विचारको प्राणी नीच विचार भएकै प्राणीसंग मिल्दछ । उच्च विचारको प्राणी उच्च विचार भएकै प्राणीसंग मिल्दछ । भिक्षुहरू हो ! प्राचीन कालमा पनि प्राणीहरू स्वभाव अनुसार नै अरू प्राणीहरूसंग हेलमेल गर्दथे । भिक्षुहरू हो ! भविष्य कालमा पनि प्राणीहरू स्वभाव अनुसार अरू प्राणीहरूसंग हेलमेल गर्ने छन् । भिक्षुहरू हो ! यतिवेला वर्तमान कालमा पनि प्राणीहरू स्वभाव अनुसार अरू प्राणीहरूसंग हेलमेल भई वस्दछन् ।...

"संसर्गबाट क्लेश उत्पन्न हुन्छ । असंसर्गबाट क्लेश हट्दछ । जसरी सानो काठमा बसेर समुद्र तर्दा डुबिन्छ त्यसरी नै अल्छी मानिससंग संगत गर्दा जांगरिलो मानिस पनि बिग्रिन्छ । त्यसकारण अल्छी र अनुत्साही मानिसको संगत छाडिदिनु पर्छ । एकान्त-सेवी, आर्य, संयमी, ध्यानी र सधैं उद्योगमा लागिरहने बुद्धिमानसंग संगत गरिरहनु ।"

## १०. तीन हानिकारक कुराहरू

भिक्षुहरू हो ! यी तीन कुराहरू शैक्ष्य भिक्षुको लागि हानिकारक हुन्छन् । कुन तीन ? भिक्षुहरू हो ! शैक्ष्य भिक्षु काम-धन्दामा नै लागिरहने भएर काम-धन्दामा रत रहने र काम-धन्दामा नै लागिरहने चेष्टा गर्ने हुन्छ । गफ गरेर दिन बिताउने, गफमा मस्त रहने र गफै गरेर दिन काट्ने चेष्टामा लागेको हुन्छ । सुतिरहने, सुत्नमा नै मस्त हुने र सुत्ने कार्यमा



Downloaded from http://www.dhamma.digital

नै लागिरहने हुन्छ । भिक्षुहरू हो ! यी तीन कुराहरू शैक्ष्य भिक्षुको लागि हानिकारक हुन्छन् ।

भिक्षुहरू हो ! यी तीन कुराहरू शैक्ष्य भिक्षुको लागि हानिकारक हुँदैनन् । कुन तीन ? शैक्ष्य भिक्षु काम-धन्दामा नलाग्ने ... गफ नगर्ने . . र सुत्न मात्र नचाहने हुन्छ । यस्ता तीन कुराहरूले शैक्ष्य भिक्षुहरूलाई केही हानी हुँदैन ।

"काम-धन्दामा लाग्ने, गफाडी, सुतहा र चञ्चल स्वभावको भिक्षु उत्तम सम्वोधि ( ज्ञान ) प्राप्त गर्नलाई अयोग्य हुन्छ । यसकारण थोरै काम-धन्दा गर्ने, थोरै सुत्ने र गफ कम गर्ने चञ्चलता रहित भिक्षु हुनुपर्छ । त्यस्तो भिक्षु मात्र उत्तम सम्वोधि ज्ञान प्राप्त गर्न योग्य हुन्छ ।"

## चौथो वर्ग

### १. अकुशल वितर्क

भिक्षुहरू हो ! यी तीन अकुशल वितर्कहरू हुन् । कुन तीन ? निन्दित नहुने वितर्क, लाभ, सत्कार र प्रशंसाको वितर्क अनि अरूको दयाको वितर्क ।....

"जो निन्दित हुने र लाभ, सत्कार तथा गौरव प्राप्त गर्ने वितर्कबाट युक्त हुन्छ, अमात्यहरूसंग समवेदना राख्दछ उसले संयोजन ( सांसारिक बन्धन ) को क्षयबाट टाढा हुनु पर्छ । जसले पुत्र-पशुलाई छाडेर विवाह गराउनबाट टाढा र जो संग्रह-त्यागी हुन्छ त्यस्तो भिक्षु उत्तम सम्वोधि ज्ञान प्राप्त गर्न योग्य हुन्छ ।"

Downloaded from http://www.dhamma.digital

## २. नरकमा परेको देखिएको छ

भिक्षुहरू हो ! मैले सत्कारमा परी दविएको चित्त भएको प्राणीहरू मरेपछि नरकमा परेको देखेको छु । भिक्षुहरू हो ! मैले असत्कारमा परी दविएको चित्त भएको प्राणीहरू मरेपछि नरकमा परेको देखेको छु । भिक्षुहरू हो ! मैले सत्कार र असत्कार दुबैमा परी दविएको चित्त भएको प्राणीहरू मरेपछि नरकमा परेको देखेको छु । भिक्षुहरू हो ! यस कुरालाई मैले अरू श्रमण अथवा ब्राह्मणहरूबाट सुनेर भनेको हैन । ......... भिक्षुहरू हो ! मैले त यसलाई आफैले जानेर, देखेर, अनुभव गरेर भनेको छुं ।.. ......

"सत्कार गरिदा र असत्कार गरिदा जसको समाधि विचलित हुंदैन, जो अप्रमादी हुन्छ त्यस्तो सतत् ध्यानी र सुक्ष्म दृष्टिबाट विपश्यना गर्ने अनि उपादानहरूलाई क्षय गरेको व्यक्तिलाई सत्पुरुष भनिन्छ ।"

## ३. देव वाणीहरू

भिक्षुहरू हो ! देवताहरूमा कुनै कुनै बेला यी नै तीन् प्रकारका देव वाणीहरू हुने गर्छन् । कुन तीन ? भिक्षुहरू हो ! जतिबेला आर्यश्रावक केश र दारी खौरिएर काषाय वस्त्र लगाई घर छाडी प्रव्रजित हुने बिचार गर्दछ त्यसबेला देवताहरूमा यस्तो देववाणी हुन्छ– 'यो आर्यश्रावक मारसंग संग्राम गर्ने विचार गरिरहेको छ ।' भिक्षुहरू हो ! यो पहिलो देववाणी देवताहरूमा कैले कैले हुने गर्दछ । फेरि भिक्षुहरू हो!


Downloaded from http://www.dhamma.digital

जतिबेला आर्यश्रावक सैंतीस (प्रकारको) "बोधि पाक्षिक"॥
धर्मको भावनामा लागिरहन्छ त्यतिबेला देवताहरूमा यस्तो देववाणी हुने गर्दछ– 'यो आर्यश्रावकहरू मारसंग संग्राम गरिरहेको छ।' भिक्षुहरू हो ! यो दोश्रो देववाणी देवताहरूमा कैले कैले हुने गर्दछ।.....

फेरि भिक्षुहरू हो ! जतिबेला आर्यश्रावकले आश्रवहरू नष्ट भएर अनाश्रव चित्त–विमुक्ति र प्रज्ञा–विमुक्तिलाई यसै शरीरमा स्वयम ज्ञानबाट प्राप्त गर्दछ, भिक्षुहरू हो ! त्यतिबेला देवताहरूमा यस्तो देववाणी हुने गर्दछ– 'यो आर्य-श्रावकले संग्राम विजय गरेर त्यही संग्राम भूमिमा विजयी भएर वास गरिरहेको छ।' भिक्षुहरू हो ! यो तेश्रो देववाणी देवताहरूमा कैलेकैले हुने गर्दछ। .......

"संग्राम विजयी, महान्, निर्भयीसम्यक सम्बुद्धको शिष्य-लाई देखेर देवताहरूले पनि नमस्कार गर्दछन्– 'हे उत्तम पुरुष ! तपाईलाई नमस्कार छ। तपाईले दुर्जयलाई जित्नु-भयो, तपाईले, मृत्युको सेनालाई जितेर निर्वाण प्राप्त गरी अजय हुनुभयो।' अर्हतलाई देवताहरू यसरी नै नमस्कार गर्दछन्। किनभने अर्हत मृत्युको वशमा हुँदैन। त्यसकारण देवताहरूले अर्हतलाई नमस्कार गर्दछन्।"

## ४. देवताबाट च्युत हुने लक्षणहरू

भिक्षुहरू हो ! जब देवता देवलोकबाट च्युत हुने वाला हुन्छ तब पाँचवटा पूर्व-लक्षणहरू (निमितहरू) देखा पर्दछन्।



Downloaded from http://www.dhamma.digital

ती हुन [१] माला कुम्भिएर गनाउन थाल्छ [२] वस्त्र मैला हुन थाल्छ [३] काखीबाट पसिना चुहुन थाल्छ [४] शरीर कुरुप हुन थाल्छ [५] देवताले आफ्नो देव आसनमा अभिरमण गर्न छाड्छ। भिक्षुहरू हो! तब देवताहरूले– "यो देवपुत्र च्युत हुन लागेको छ" भन्ने थाहा पाएर तीन कुराहरूबाट उसलाई आश्वासन दिन्छन्–"भो! यहांको भन्दा राम्रो गति प्राप्त गर्नु, राम्रो गति पाएर राम्रो लाभ प्राप्त गर्नु, राम्ररी लाभ प्राप्त गरेपछि सुप्रतिष्ठित हुनु।"

यस्तो भनिएपछि एउटा भिक्षुले भगवानसंग यो प्रश्न गर्‍यो– "भन्ते! देवताहरूले राम्रो गति प्राप्त गर्नु भनेको के हो? भन्ते! देवताहरूले राम्रो लाभ प्राप्त गर्नु भनेको के हो? भन्ते देवताहरूले सुप्रतिष्ठित हुनु भनेको के हो?

"भिक्षुहरू हो! देवताहरूले मनुष्य भएर उत्पन्न हुनुलाई राम्रो गति प्राप्त भएको भनिन्छ। जसले मनुष्य भएर तथागतद्वारा भनिएको धर्म–विनयमा श्रद्धा प्राप्त गर्दछ त्यस्तोलाई भिक्षुहरू हो! राम्रो लाभ प्राप्त भएको भनिन्छ। त्यस्तो श्रद्धा जो चित्तमा जमेर बसी प्रतिष्ठित र दृढ हुन्छ अनि संसारमा कुनै पनि श्रमण, ब्राह्मण, देवता, मार अथवा ब्रह्मा भन्दा कम्तिको हुँदैन, यसैलाई भिक्षुहरू हो! देवताहरू सुप्रतिष्ठित भएको भनिन्छ।"

"आयु सकिएर जब देवता देवलोकबाट च्युत हुन्छ तब देवताहरूबाट आश्वासनको लागि तीन शब्दहरू निक्लन्छन्– 'भो! यहाँको भन्दा राम्रो गति प्राप्त गर, मनुष्यको



Downloaded from http://www.dhamma.digital

सद्‌ृष्यतामा (मनुष्य योनीमा) जाऊ र मनुष्य भएर सद्धर्ममा अनुत्तर श्रद्धालाई प्राप्त गर। तिम्रो त्यो श्रद्धा चित्तमा जमेर वसी अनि प्रतिष्ठित भई जीवन पर्यन्त राम्ररी भनिएको सद्धर्ममा कम हुने खालको नहोस् । शारीरिक, वाचिक र मानसिक दुराचारहरू तथा अरू पनि भएका दोषहरूलाई छाडी शरीर, वचन र मनबाट अप्रमाण परिशुद्ध धेरै पुण्यहरू गर्नु । त्यसपछि दानबाट भोग–सम्पति पाउन योग्य धेरै पुण्यहरू गरी अरू पनि धेरै मानिसहरूलाई सद्धर्म र ब्रह्मचर्यमा लगाउनु ।" देवताले जब च्युत हुन लागेको देवतालाई चिन्दछ तव यसरी दयापूर्वक आश्वासन दिन्छ-'देव ! फेरि आउनु ।'

## ५. धेरै मानिसहरूको हितैषी

यी तीन व्यक्तिहरू संसारमा जन्म लिदा धेरै मानिसहरूको हितको लागि, धेरै मानिसहरूले सुखको लागि, लोक माथि अनुकम्पा गर्नका लागि अनि देव र मनुष्यहरूको हित-सुखको लागि जन्मन्छन् । कुन तीन ? भिक्षुहरू हो ! यहाँ तथागत अर्हत सम्यक सम्बुद्ध विद्या र आचरणबाट युक्त, सुगत, लोक–विद, अनुत्तर (सर्वोत्तम), पुरुषहरूलाई दमन गर्न सारथी रूप, देव मनुष्यहरूको शास्ता (मार्गोपदेष्टा), बुद्ध र भगवान संसारमा उत्पन्न हुन्छन् । उनीहरूले आरम्भ मध्य र अन्तमा कल्याण गर्ने धर्मलाई शब्द र भाव सहित सर्वांशमा परिपूर्ण परिशुद्ध ब्रह्मचर्यलाई प्रकाशित गर्दछन् । भिक्षुहरू हो ! यस्तो पहिलो व्यक्ति हुन्छ जो संसारमा धेरै मानिसहरूको हितको लागि उत्पन्न हुन्छ ।



Downloaded from http://www.dhamma.digital

अनि फेरि भिक्षुहरू हो ! तिनै शास्ताका शिष्य अर्हत, क्षीणाश्रव, ब्रम्हचर्यपूर्ण, कृतकृत्य, भार-मुक्त, आपनो मतलब प्राप्त गरेका, सांसारिक बन्धनहरूबाट मुक्त भई राम्ररी जानेर विमुक्त भएका हुन्छन् । तिनले आरम्भ, मध्य र अन्तमा कल्याण गर्ने धर्मलाई...... ... प्रकाशित गर्दछन् । भिक्षुहरू हो ! यस्तो दोस्रो व्यक्ति हुन्छ । ........

अनि फेरि भिक्षुहरू हो ! तिनै शास्ताका शिष्य शैक्ष्य, आर्य मार्गमा हिडने, बहुश्रुत र शील–व्रतबाट युक्त हुन्छन् । तिनले पनि आरम्भ, मध्य र अन्तमा कल्याण गर्ने, धर्मलाई... प्रकाशित गर्दछन् । भिक्षुहरू हो ! यस्तो तेस्रो व्यक्ति हुन्छ ।.....

"तहर्षि शास्ता संसारमा पहिलो व्यक्ति हुन्छ । दोस्रो उनको अनुगामी संयमी शिष्य र तेस्रो आर्य मार्गमा हिड्ने शैक्ष्य, बहुश्रुत र शीलव्रतबाट युक्त शिष्य हुन्छ । यो तीनै देव–मनुष्यहरूमा श्रेष्ठ सूर्य समान हुन्छन् । उनीहरूले धर्मोपदेश दिएर निर्वाणको द्वार खोलिदिन्छन् अनि धेरै मानिसहरूको बन्धनलाई खोलिदिन्छन् । जो सुगत ( बुद्ध ) को शासन (धर्म) मा प्रमाद रहित भएर अनुत्तर सार्थवाह (बुद्ध) द्वारा भनिएको मार्गमा हिड्दछ उसले यही जनममा दु:खलाई अन्त गर्दछ ।"

## ६ अशुभ–भावना

भिक्षुहरू हो ! कायामा अशुभानुपश्यी (अशुभ हुने मनन गर्नु) भएर रहनु, तिमी भित्र आनापानसति अथवा आश्वास–



Downloaded from http://www.dhamma.digital

प्रश्वासमा स्मृति राखी सुप्रतिष्ठित हुनु अनि सबै संस्कार-हरूमा अनित्यानुपश्यी ( अनित्य छ भन्ने मनन गर्नु ) भएर रहनु। भिक्षुहरू हो! कायामा अशुभानुपश्यी भएर रहनेलाई सुन्दरता सम्बन्धीको आसक्ति हटेर जान्छ। आनापानसति भित्र सुप्रतिष्ठित हुंदा वाहिरी दुःखदायी मिथ्या वितर्कहरू हुंदैनन्। सबै संस्कारहरूमा अनित्यानुपश्यी हुंदा अविद्याको नाश हुन्छ र भएको विद्या उत्पन्न भएर आउँछ।

"जो संधं कायामा अशुभको विचार गर्दछ, आनापानमा स्मृति राख्दछ र सबै संस्कारहरूको शमनलाई देख्दछ त्यस्तो परिश्रमी ( भिक्षु ) समदर्शी हुन्छ । किनभने त्यसबाट ऊ मुक्त भएको हुन्छ। त्यस्तो अभिज्ञा प्राप्त शान्त मुनिले सबै सांसारिक वन्धनहरूलाई नाघेको हुन्छ।"

## ७. धार्मिकको लक्षणहरू

धर्मानुसार आचरण गर्ने भिक्षुको कुराकानीमा यस्तो स्वभाव हुन्छ कि कुराकानी गर्दा पनि ऊ धार्मिक कुराहरू नै गर्ने गर्छ, अधार्मिक कुराहरू गर्दैन। वितर्क गर्दा पनि धार्मिक वितर्क नै भन्ने गर्छ, अधार्मिक वितर्क भन्दैन। अथवा भनौं ती दुवै कुराहरूलाई छाडेर स्मृति र सम्प्रजन्य ( ज्ञान ) युक्त उपेक्षक भएर रहन्छ।

"धर्ममा वस्ने, धर्ममा लागेको, धर्मलाई राम्ररी बुझेको र धर्मको स्मरण गरिरहने भिक्षु सद्धर्मबाट च्युत हुंदैन। हिंड्दा, उठ्दा अथवा सुत्दा चित्तलाई शान्त गरी परम शान्ति पाएरै छाड्दछ।"


Downloaded from http://www.dhamma.digital

## ८. राम्रा नराम्रा वितर्कहरू

भिक्षुहरू हो ! यी तीन अकुशल वितर्कहरूले अन्धकार दिन्छ, आँखा विनाको बनाइदिन्छ, अज्ञानी बनाउँछ, प्रज्ञालाई रोकिदिन्छ, हानी पुऱ्याउँछ र निर्वाणतिर लाँदैन । कुन तीन ? भिक्षुहरू हो ! काम वितर्क ...... व्यापाद (द्रोह)......... र विहिंसा (प्रतिहिंसा) वितर्क ।.... ...

भिक्षुहरू हो ! यी तीन कुशल वितर्कहरूले अंध्यारो बनाउँदैन, आँखा विनाको बनाउँदैन, ज्ञानी बनाउँछ, प्रज्ञा बढाउँछ, हानी पुऱ्याउँदैन र निर्वाणतिर लान्छ । कुन तीन ? भिक्षुहरू हो ! नैष्क्रम्य ( निष्कामता ) वितर्क..... , अव्यापद वितर्क ........, अविहिंसा वितर्क ।.........

"तीन कुशल वितर्कहरूलाई गर्नु र तीन अकुशल वितर्कहरूलाई छाड्नु । उडिरहेको धूलोलाई पानीले (वर्षाले) शान्त पारेको जस्तै अकुशल वितर्कहरू र नराम्रा विचारहरूलाई चित्तद्वारा दबाउनु पर्छ । यस्तो गर्ने व्यक्ति चित्तद्वारा वितर्कहरूलाई शान्त पारी यहीं शान्तिपदलाई प्राप्त गर्दछ ।"

## ९. यी तीन भित्री शत्रु हुन्

भिक्षुहरू हो ! यी तीन भित्री-मल, भित्री शत्रु, भित्री वैरी, भित्री हत्यारा र भित्री अशुद्ध गराउने खालका हुन्छन् । कुन तीन ? भिक्षुहरू हो ! लोभ..... दोष..... मोह..... ।

"लोभले अनर्थ गर्दछ, लोभले चित्तलाई बिगार्छ, आफूभित्र नै उत्पन्न भएको भयलाई मानिसले जान्न सक्दैन ।



Downloaded from http://www.dhamma.digital

लोभीले हितलाई जान्दैन र लोभीले धर्मलाई जान्दैन । जुन मनुष्यलाई लोभले आफ्नो वशमा पार्छ र ऊ त्यसबेला पूरै अन्धा भएको हुन्छ । जसले लोभलाई छाडेर लोभ लाग्ने चीजमा लोभ गर्दैन उसवाट लोभ त्यसरीनै टाढा हुन्छ जसरी पिंडालुको पातवाट पानीको थोपा ।"

"द्वेषले अनर्थ उत्पन्न गराउछ, द्वेषले चित्तलाई विगार्छ। आफूभित्र उब्जेको भयलाई मानिसले जान्न सक्दैन द्वेषीले हितलाई जान्दैन, द्वेषीले धर्मलाई जान्दैन । जुन मानिसलाई द्वेषले आफ्नो वशमा पारेको हुन्छ त्यो त्यतिवेला पुरै अन्धा भएको हुन्छ । जो द्वेषलाई छाडेर दुषित गर्ने चीजमा द्वेष राख्दैन त्यस्तो मानिसवाट द्वेष त्यसरी नै छुट्दछ जसरी पाकेको ताड्को फल भेट्नुवाट छुट्दछ ।"

"मोहले अनर्थ उत्पन्न गर्दछ, मोहले चित्तलाई विगार्छ। आफूभित्र उब्जेको भयलाई मानिसले जान्न सक्दैन । मोहितले हितलाई जान्दैन, मोहितले धर्मलाई जान्दैन । जुन मानिसलाई मोहले आफ्नो वशमा पारेको हुन्छ त्यो त्यतिवेला पुरै अन्धा भएको हुन्छ । जो मोहलाई छाडेर मोहित गर्ने चीजमा मोह राख्दैन त्यस्तो मानिसले मोहलाई त्यसरी नै नाश गर्दछ जसरी सूर्य उदाएर अन्धकारलाई नाश गर्दछ ।"

## १०. देवदत्त नारकीय हो

भिक्षुहरू हो ! तीन खराव कुराहरूवाट पछारिएको, त्यसवाट ग्रस्त चित्त भएको देवदत्त अपायमा (पछि) पर्ने,



Downloaded from http://www.dhamma.digital

नारकीय, कल्पस्थायी र असाध्य हुन्छ। कुन तीनवाट ? खराव इच्छावाट......, खराव साथीहरूको संगतवाट......... अनि अगाडि गर्न योग्य भए पनि अल्प विशेषताको प्राप्ति द्वारा वीचमा प्रयत्न गर्न छाडिदिनाले।.........

"संसारमा खराव इच्छा भएको मानिस उत्पन्न नहोस्। त्यसलाई खराव इच्छा हुनेको गति जस्तो हुन्छ त्यस्तै जान। यस्तो मैले सुने कि देवदत्त 'पण्डित' प्रसिद्ध थियो। ऊ संयमी र यश द्वारा जाज्वल्यमान थियो। त्यो प्रमादित भई तथागत-लाई दुःख दिई चारवटा ढोका भएको भयानक अवीचि नरक[15] मा परेको थियो। जो पाप कर्म नगर्ने निर्दोषलाई दोष लगाउने खालको हुन्छ त्यो पाप त्यही खराव चित्त भएको घृणित व्यक्तिलाई लाग्दछ। कसैले विषको घैला खन्याएर समुद्रलाई दुषित गर्न चाहन्छ भने त्यसले त्यसो गर्न सक्दैन। किनभने समुद्र धेरै ठूलो हुन्छ। त्यस्तै कसैले तथागतलाई दोष लगाएर पीडित वनाउन चाहन्छ भने त्यस्तो दोष श्रेष्ठ शान्त चित्त भएकालाई लाग्दैन। त्यस्तो व्यक्तिसंग मित्रता गर्नु र त्यस्तोसंग संगत गर्नु जसको अनुसरण गर्दा भिक्षुले दुःखलाई अन्त गर्दछ।"

पाँचौ वर्ग

## १. तीन अग्रप्रसाद

भिक्षुहरू हो ! यो तीन अग्रप्रसाद हुन्। कुन तीन ? भिक्षुहरू हो ! खुट्टा नभएको, दुई खुट्टा भएको, चार खुट्टा भएको, रूप भएको, रूप नभएको, संज्ञावान, असंज्ञावान



Downloaded from http://www.dhamma.digital

अथवा नसंज्ञा नअसंज्ञा भएको जति पनि प्राणीहरू छन् तिनीहरू मध्येमा तथागत अर्हत सम्यक सम्बुद्धलाई अग्र (श्रेष्ठ) भनिन्छ । भिक्षुहरू हो ! जो बुद्धमा प्रसन्न हुन्छ, त्यो अग्रमा प्रसन्न हुन्छ अनि अग्रमा प्रसन्नको फल पनि अग्र नै हुन्छ ।

भिक्षुहरू हो ! संस्कृत अथवा असंस्कृत जति पनि धर्महरू छन् तिनीहरू मध्येमा विरागलाई अग्र भनिन्छ, जुन यो मदको मर्दनको हुनु, प्यास बुझाउनु, आसक्ति खतम हुनु, आवागमन नष्ट हुनु, तृष्णाको क्षय हुनु, विराग हुनु, निरोध अथवा निर्वाण हो । भिक्षुहरू हो ! जो विराग धर्ममा प्रसन्न हुन्छ त्यो अग्रमा प्रसन्न हुन्छ अनि अग्रमा प्रसन्न हुनुको फल पनि अग्र नै हुन्छ ।

भिक्षुहरू हो ! जति संघहरू अथवा गणहरू छन् त्यस मध्येमा तथागतको श्रावक संघलाई अग्र भनिन्छ, जसमा यी चार पुरुषका जोडी १. स्रोतापत्ति मार्गस्थ, स्रोतापत्ति फलस्थ २. सकृदागामी मार्गस्थ, सकृदागामी–फलस्थ ३. अनागामी–मार्गस्थ, अनागामी-फलस्थ ४. अर्हत मार्गस्थ, अर्हत–फलस्थ, आठ पुरुष=पुदगल ( आठ आर्य व्यक्ति ) हुन्छन् । यो भगवानको श्रावक संघ हो जुन आह्वानीय छ, पाहुना बनाउन योग्य छ, दक्षिणा दिन योग्य छ, हात जोड्न योग्य छ अनि संसारको लागि यस्तो संघ अनुपम पुण्यको खेत हुन्छ । भिक्षुहरू हो ! जो संघमा प्रसन्न हुन्छ त्यो अग्रमा प्रसन्न हुन्छ अनि अग्रमा प्रसन्नको फल पनि अग्र नै हुन्छ । भिक्षुहरू हो ! यी तीन अग्रप्रसाद हुन् ।........



Downloaded from http://www.dhamma.digital

"जो अग्रमा प्रसन्न हुन्छ र जसले अग्र धर्मलाई जान्दछ जो अनुपम दक्षिणा दिन योग्य अग्र बुद्धमा प्रसन्न हुन्छ जो विराग, शान्ति र सुख ( दायक ) अग्र धर्ममा प्रसन्न हुन्छ तथा अनुपम पुण्यको खेत अग्र संघमा प्रसन्न हुन्छ ( त्यस्तो ) (अग्र श्रेष्ठ) मा दान दिंदा उसको अग्र पुण्य बढ्छ। उसले अग्र आयु, वर्ण (रूप), यश, कीर्ति, सुख र बल प्राप्त गर्दछ। अग्रको दाता, अग्र धर्मबाट युक्त, बुद्धिमान देवता या मनुष्य भएर अग्रलाई प्राप्त गरेर प्रमोद गर्दछ।

## २. फलामको तातो गोला खानु उत्तम हो

भिक्षुहरू हो ! सबै पेशाहरू मध्येमा रद्दी पेशा भीख मागेर खानु हो। भिक्षुहरू हो ! संसारमा यसरी गाली गरिन्छ– "हातमा भांडा लिएर भीख मागी हिड्छस् ?" भिक्षुहरू हो ! कुलपुत्रले आफ्नो भलाइको लागि आफ्नो भलाइलाई देखेर त्यस्तो काम मात्र गर्दछ। ऊ राजाको जेल-बाट भागेको हुंदैन, चोरको हातबाट छुटेको हुंदैन, ऋणको डरले घर छाडेर भागेको हुंदैन, भयले गर्दा भागेको हुंदैन अनि त्यसो गर्नु उसको पेशा पनि हैन। तर भिक्षुहरू हो ! कुलपुत्रले यस्तो सोचेर प्रव्रजित भएको हुन्छ– "जन्म बुढेस-काल, मृत्यु, शोक, विलाप, दु:ख, दौर्मनष्य र परेशानीमा परिएको छ, दु:खमा परेर दु:खमै जीवन चलिरहेछ। यस्तो दु:खको समूहलाई अन्त गर्न सकिने संभावना छ।" तर जब ऊ लोभी, काम भोगमा तीव्र राग भएको, द्रोह चित्त भएको, नराम्रो सङ्कल्प भएको, स्मृति नभएको, निष्प्रज्ञ, एकाग्रता



Downloaded from http://www.dhamma.digital

नभएको, यताउता मन खेलाइरहने अनि इन्द्रियहरूलाई संयममा राख्न नसक्ने हुन्छ तब भिक्षुहरू हो! त्यस्तो मानिस मुर्दाघाटको आधा डढेको दाउरा जस्तै न घरमा काम लाग्छ न जङ्गलमा नै लाग्छ। भिक्षुहरू हो! म त्यस्तै व्यक्तिको विषयमा भनिरहेको छु कि त्यस्तो व्यक्ति गृहस्थ जीवनको भोग-विलासवाट पनि वञ्चित हुन्छ र श्रामण्यलाई पूरा गर्न पनि सकिरहेको हुंदैन।

"जो गृहस्थ जीवनको भोग-विलासवाट पनि वञ्चित भयो र श्रामण्यलाई पनि पूरा गर्न सकेन। त्यस्तो मानिस मुर्दाघाटको दाउरा जस्तै काम नलाग्ने भएर त्यसै नष्ट हुन्छ। असंयमी दुराचारी भएर देशको अन्न खानु भन्दा अग्नि-शिखा जस्तै तातिएको फलामको गोला खानु उत्तम हो।"

## ३. त्यो मबाट टाढा हुन्छ

भिक्षुहरू हो! यदि कुनै भिक्षु मेरो संघाटीको छेउमा समातेर मेरो पछिपछि लाग्दछ तर ऊ लोभी, काम भोगमा तिव्र राग भएको, द्रोही चित्त भएको, नराम्रो सङ्कल्प भएको, स्मृति नभएको, निष्प्रज्ञ, एकाग्रता नभएको, यताउता मन खेलाइरहने अनि इन्द्रियहरूलाई संयममा राख्न नसक्ने हुन्छ भने ऊ मबाट टाढा हुन्छ र म पनि ऊबाट टाढा हुन्छु। त्यस्तो किन त? भिक्षुहरू हो! उसले भिक्षु धर्मलाई देखेको हुंदैन उसले धर्मलाई देखेर मलाई देख्दैन। भिक्षुहरू हो! यदि,



Downloaded from http://www.dhamma.digital

कुनै भिक्षु मबाट शय योजन टाढा रहोस् तर ऊ लोभ नगर्ने, काम भोगमा तिव्र राग नभएको, द्रोही चित्त नभएको, नराम्रो सङ्कल्प नभएको, स्मृतिमान, संप्रज्ञ, एकाग्र, यताउता मन नखेलाउने अनि इन्द्रियहरूमा संयम राख्ने हुन्छ भने ऊ मेरो नजिक हुन्छ र म उसको नजिक हुन्छु। त्यसो किन त? भिक्षुहरू हो! उसले भिक्षु धर्मलाई जान्दछ, उसले धर्मलाई जानेर देखेर मलाई पनि देख्दछ।

"यदि कोही ठूलो इच्छा भएको, द्रोही, तृष्णाको अनुगामी, अशान्त र लोभी व्यक्ति तृष्णा नभएको, शान्त र निर्लोभीको (तथागतको) पछिपछि हिंडे पनि हेर त्यो तथागत भन्दा धेरै टाढा हुन्छ। तर कोही बुद्धिमान जो धर्मको ज्ञान प्राप्त गरेर, धर्मलाई जानेर शान्त जलाशय जस्तै तृष्णा रहित, शान्त, निर्लोभी र वितृष्ण रहने गर्दछ त्यो शान्त र निर्लोभी (तथागतको) पछिपछि हिंडेर पनि हेर कति नजिक हुन्छ।"

## ४. तीन अग्निहरू

भिक्षुहरू हो! यी हुन् तीन अग्निहरू। कुन तीन? रागाग्नि, द्वेषाग्नि र मोहाग्नि। ........

"रागाग्निले काम-भोगमा आसक्त भएर डुबेको व्यक्तिलाई जलाउंदछ। द्वेषाग्निले जीवहिंसा गर्ने द्रोही व्यक्तिलाई अनि मोहाग्निले आर्य धर्ममा अदक्ष मूर्खहरूलाई जलाउंदछ।



Downloaded from http://www.dhamma.digital

गति आगोको विषयमा नजान्ने व्यक्ति सत्कायमा परेर नरक पशु–योनी असुर–योनी र प्रेत–योनीमा वारंवार परिरहन्छ। त्यस्तो व्यक्ति बन्धनबाट छुट्दैन। उसले रात दिन सम्यक् सम्बुद्धको धर्ममा लागिरहेर अनि अशुभ संज्ञावाला भएर रागाग्निलाई शान्त पार्दछ। द्वेषाग्निलाई उत्तम पुरुषले मैत्री (भावना) द्वारा शान्त पार्दछ अनि मोहाग्निलाई प्रज्ञाद्वारा शान्त पार्दछ जसबाट निर्वाणतिर जान्छ। रात दिन सतर्क रहने चतुर व्यक्तिले यस्ता अग्निहरूलाई शान्त पारेर सबै दु:खलाई नष्ट गरो सदै प्रकारले शान्ति प्राप्त गर्दछ। आर्य-दर्शी (आर्य सत्यलाई जान्ने) ज्ञानी, राम्ररी जानेर पण्डित भएकोले जन्मको क्षय हुने कुरालाई बुझेर फरि जन्म लिदैन।"

## ५. फेरो रोकिन्छ

भिक्षुहरू हो ! भिक्षुले त्यसरी नै विमर्श गर्नु जसरी विमर्श गर्दा उसको विज्ञान बाहिर (रूप आदि आलम्बनमा) एकाग्र अनि चञ्चलता रहित भएर आलम्बनमा लागिरहोस्। आसक्तिमा नपरोस् अनि फेरि जन्म, बुढेसकाल, मृत्यु तथा दु:खको उत्पन्न हुने सम्भावना नरहोस्।

"सात संगबाट* रहित भई तृष्णालाई नष्ट गरेको भिक्षुले पटक पटक जन्म लिने फेरोलाई समाप्त गर्दछ अनि फेरि जन्म लिदैन।"

* सातसंग=तृष्णा, दृष्टि, मान, क्रोध, अविद्या, क्लेश र दुश्चरित्र।



Downloaded from http://www.dhamma.digital

## ६. कामको उत्पत्ति

भिक्षुहरू हो! यी तीन कामका उत्पत्तिहरू हुन्। कुन तीन? उपस्थित कामवाला* निर्माणरति र परिनिर्मितवशवर्ती।....

"जो उपस्थित काम (भोग) वाला हुन्छ र जो वशवर्ती देव हुन्छ। निर्माणरति देव तथा अरू पनि जुन काम-भोगहरू छन् तिनीहरू उत्पत्ति र मृत्युबाट छुट्दैनन्। बुद्धिमान स्वर्गीय या मानुषी जो कामभोगी हुन्छन् ती सबैलाई छाडिदिनु। प्रिय र लोभ लाग्दो रूपको रागरूपी श्रृंखलाई काटेर, जसलाई नाघ्न कठिन हुन्छ, सदै दुःखलाई नाश गरेर सबै प्रकारले शान्त हुन्छ। आर्यदर्शी, ज्ञानी, राम्ररी जानेर पण्डित भएकोले जन्मको क्षय हुने कुरालाई बुझेर फेरि जन्म लिदैन।"

## ७. संसारदेखि पार भएको

भिक्षुहरू हो! कामभोग र भवको बन्धनमा बाँधिएको व्यक्ति यस संसारमा फेरि आउँदछ। भिक्षुहरू हो! काम-भोग र भवको बन्धनबाट मुक्त भएको व्यक्ति फेरि यस संसारमा आउँदैन। भिक्षुहरू हो! कामभोग र भवको बन्धनबाट मुक्त क्षीणाश्रव व्यक्ति अर्हत हुन्छ।

"प्राणीहरू काम र भव दुबैको बन्धनमा बाँधिएर संसारमा जन्म र मृत्युको फेरोमा परिरहन्छन्। जसले काम-भोगलाई त्यागेर आश्रवहरूको क्षय गरेको हुँदैन र जो भव

---

* मानिस र चातुर्महाराजिक देवहरूद्वारा चार देवलोकहरूलाई उपस्थित काम भनिन्छ।



Downloaded from http://www.dhamma.digital

बन्धनबाट युक्त हुन्छ त्यस्तोलाई 'अनागामी' भनिन्छ। जो सन्देह रहित हुन्छ, फेरि फेरि जन्म नलिनेवाला हुन्छ अनि जसले आश्रव क्षय ( निर्वाण ) प्राप्त गरेको हुन्छ उसले यस संसारलाई पार गरेको हुन्छ।"

## ८. उत्तम पुरुष को हो ?

भिक्षुहरू हो ! सुन्दर शील युक्त, राम्रो धर्म गर्ने, उत्तम प्रज्ञा भएका भिक्षुलाई यो धर्म विनयमा केवली ( अर्हत ) ब्रह्मचर्यवास गरेको उत्तम पुरुष भनिन्छ। कसरी भिक्षुहरू हो ! कुनै भिक्षु सुन्दर शील युक्त हुन्छ ? भिक्षुहरू हो ! यहाँ भिक्षु शीलवान हुन्छ, प्रति मोक्ष नियम राम्ररी पालन गर्ने हुन्छ, आचार-गोचर युक्त भएर थोरै दोषमा पनि डराउने शिक्षा पालन गर्ने अभ्यास गर्दछ। भिक्षुहरू हो ! यसरी कुनै भिक्षु सुन्दर शील युक्त हुन्छ।

कसरी राम्रो धर्म पालन गर्ने हुन्छ ? भिक्षुहरू हो ! यहाँ सैंतीस(प्रकारको)बोधि-पाक्षिक धर्महरूमा भिक्षु लागेको हुन्छ। ........ कसरी उत्तम प्रज्ञावाला हुन्छ ? भिक्षुहरू हो ! यहाँ भिक्षुले आश्रव क्षयबाट अनाश्रव चित्तको विमुक्ति र प्रज्ञाको विमुक्तिलाई यसै जन्ममा स्वयम अभिज्ञाद्वारा साक्षात्कार गर्दछ।

"जो शरीर, वचन र मनबाट दुष्कर्म गर्दैन त्यस्तो लज्जाशील भिक्षुलाई सुन्दर शील युक्त भनिन्छ। जुन भिक्षुले सम्बोधि प्राप्त हुने बाटोमा लैजाने धर्मलाई राम्ररी भावना



Downloaded from http://www.dhamma.digital

गरेको हुन्छ, त्यस्तो राग रहित भिक्षुलाई राम्रो धर्म पालन गर्ने भनिन्छ । जसले यहीं आफ्नो दुःखको क्षयलाई जानेको हुन्छ त्यस्तो अनाश्रय भिक्षुलाई उत्तम प्रज्ञा भएको भनिन्छ । त्यस्ता धर्महरूबाट युक्त, निष्पाप, संशय रहित र सर्व लोकमा अनासक्त भिक्षुलाई सर्वत्यागी भनिन्छ ।"

## ९. धर्मदान नै श्रेष्ठ हो

भिक्षुहरू हो ! यी दुई दानहरू हुन् । आमिष दान र धर्मदान । भिक्षुहरू हो ! यी दुई मध्येमा धर्मदान श्रेष्ठ हो । भिक्षुहरू हो ! यी दुई संविभाग (बांडेर उपभोग गर्नु) हुन् । आमिष संविभाग र धर्म संविभाग । भिक्षुहरू हो ! यी दुई संविभागहरू मध्येमा धर्म संविभाग श्रेष्ठ हो । भिक्षुहरू हो ! यी दुई अनुग्रहहरू हुन् । आमिष अनुग्रह र धर्म अनुग्रह । भिक्षुहरू हो ! यी दुई अनुग्रहहरू मध्येमा धर्म अनुग्रह श्रेष्ठ हो ।

"जुन दानलाई उत्तम र सर्वश्रेष्ठ भनेर भगवानले प्रशंसा गर्नुभएको छ त्यसलाई समयमा अग्र क्षेत्रमा प्रसन्न चित्त भएर कुन बुद्धिमानले नदेला ? बुद्धधर्ममा जुन भनिन्छ, सुनिन्छ अनि जसले प्रमाद गर्दैन उसको परमार्थ विशुद्ध हुन्छ ।"

## १०. त्रैविद्य ब्राह्मण को हो ?

भिक्षुहरू हो ! म धर्म द्वारा नै त्रैविद्य ब्राह्मणलाई भन्दछु नकि अरूबाट भनेको र सुनेको भरमा । भिक्षुहरू हो ! कसरी म धर्म द्वारा नै त्रैविद्य ब्राह्मणलाई भन्दछु ?



Downloaded from http://www.dhamma.digital

यहाँ भिक्षुहरू हो ! भिक्षुले अनेक प्रकारले पूर्वजन्मको कुराहरूलाई स्मरण गर्दछ । जस्तो एक जन्म....दुई.. तीन... चार... पाँच .. दस .. बीस... तीस... चालीस... पचास... सय... हजार .. लाख, अनेक संवर्त, (प्रलय) विवर्त (सृष्टि) र कल्पहरूमा – "म त्यहाँ थिएं, यस्तो नाम थियो, यस्तो गोत्र थियो, यस्तो रङ्गको थिएं, यस्तो भोजन खान्थें, यति आयु थियो भनेर जान्दछ । मैले यस प्रकारको सुख र दुःखको अनुभव गरेको थिएं । म मरेपछि त्यहाँबाट यहाँ उत्पन्न भएं – यो नाम थियो...... . । यसरी म त्यहाँबाट मरेर यहाँ उत्पन्न भएं ।" यसरी आकार प्रकार सहित उसले अनेक पूर्वजन्मलाई स्मरण गर्दछ । यस्तो उसलाई पहिलो विद्या प्राप्त भएको हुन्छ, अविद्या नष्ट भएको हुन्छ, विद्या उत्पन्न भैसकेका हुन् । अन्धकार नष्ट भएको हुन्छ र आलोक उत्पन्न भएको हुन्छ किनभने ऊ अप्रमादि, परिश्रमी र संयमी भएर रहन्छ ।

अनि फेरि भिक्षुहरू हो ! भिक्षुले शुद्ध र अलौकिक दिव्य चक्षु द्वारा मर्दै उत्पन्न हुंदै, हिन अवस्थामा आउंदै, राम्रो अवस्थामा आउंदै, राम्रो तथा नराम्रो वर्णको हुंदै, राम्रो गति प्राप्त गरी, नराम्रो गति प्राप्त गरी, आ-आफ्नो कर्मानुसारको अवस्था प्राप्त गरेको प्राणीहरूलाई देख्दछ – यो प्राणीहरू शरीर द्वारा दुराचरण, वचन द्वारा दुराचरण र मन द्वारा दुराचरण गर्दै साधु पुरूषहरूलाई निन्दा गर्ने गर्थे । यिनीहरू मिथ्या दृष्टि (खराब विचारधारा) राख्दथे । खराब


Downloaded from http://www.dhamma.digital

विचारको काम गर्दथे । अब ऊ मरेपछि नरक र दुर्गतिमा परेको छ अनि यो अर्को प्राणी शरीर, वचन र मन द्वारा सदाचार गर्दै साधु-जनहरूको प्रशंसा गर्दै, ठीक धारणा राखेर ठीक धारणा अनुकूल आचरण गर्दथ्यो । त्यसैकारण अहिले उसले राम्रो गति र स्वर्ग प्राप्त गरेको छ। यसरी शुद्ध अलौकिक दिब्य चक्षु द्वारा ....... जान्दछ यो उसलाई दोस्रो विद्या प्राप्त भएको हो । .....

अनि फेरि भिक्षुहरू हो ! भिक्षुले आश्रवहरूको क्षयवाट अनाश्रव चित्तको विमुक्ति र प्रज्ञाको विमुक्तिलाई यसै जन्ममा स्वयम ज्ञान द्वारा साक्षात्कार गर्दछ ।.........

"जसले पूर्व जन्मलाई जान्दछ, स्वर्ग र नरकलाई जसले देखेको छ, जसको जन्म क्षीण भएको छ, जसको प्रज्ञा पूर्ण भएको छ, यी तीनै विद्याहरूवाट 'त्रैविद्य ब्राह्मण' बन्दछ । त्यसैलाई म त्रैविद्य भन्दछु तर अरूबाट भनिएको र सुनेको भरमा हैन ।"

☆



Downloaded from http://www.dhamma.digital

# चौथो परिच्छेद

## १. बुद्ध अनुत्तर वैद्य हुनुहुन्छ

भिक्षुहरू हो ! म ब्राह्मण ( निष्पाप ), याचनीय, सधैं खुल्ला हातले दिने, अन्तिम शरीरधारी अनि अनुत्तर शल्य-कर्ता ( अपरेशन गर्ने ) वैद्य हुं । तिमीहरू मेरा औरस, मुखबाट उत्पन्न, धर्मज, धर्म-निर्मित, धर्म दायाद ( उत्तराधिकारी ) पुत्र हौ तर आमिष-दायाद हैनौ। भिक्षुहरू हो ! यी दुई प्रकारका दान हुन् - आमिष दान र धर्मदान । आमिष संविभाग र धर्म संविभाग ।......... आमिष अनुग्रह र धर्म अनुग्रह (३.५.९ को जस्तो)......... भिक्षुहरू हो ! यी दुई यज्ञहरू हुन्- आमिष यज्ञ र धर्म यज्ञ। भिक्षुहरू हो ! यी दुई योग्यहरूमा धर्म यज्ञ नै श्रेष्ठ हो।

"सबै प्राणीहरू माथि अनुकम्पा राख्ने उदार तथागतले जुन धर्म यज्ञ गर्नुभयो उहाँ जस्तो देव-मनुष्यहरूमा श्रेष्ठ र संसारलाई पार गर्नु भएको ( भगवानलाई ) प्राणीहरू नमस्कार गर्दछन् ।"

## २. चारवटा सुलभ चीजहरू

भिक्षुहरू हो ! यी चार अल्प, सुलभ र निर्दोष हुन्छन्। कुन चार ? भिक्षुहरू हो ! पांशुकूल चीवर ( बाटामा फ्यांकिएको टालाटाली कपडाहरू बटुलेर त्यसलाई जोडेर सिलाई बनाइएको चीवर ), भिक्षा मागेर खानु, वृक्ष-मूल



Downloaded from http://www.dhamma.digital

( रूखमुनि वस्नु ), गोमूत्रको सेवन गर्नु । भिक्षुहरू हो ! जब भिक्षु अल्प र सुलभबाट सन्तुष्ट हुन्छ, तव उसको यो एउटा श्रामण्य अङ्ग हुन्छ– यो म भन्दछु ।..... ...

"जो निर्दोष, अल्प र सुलभबाट सन्तुष्ट हुन्छ, शयन आसन चीवर र खान पिउनका लागि जसलाई चित्तमा परेशानी हुँदैन, जो दिशाहरूमा सन्तुष्ट हुन्छ तव श्रमण–भाव अनुरूप जुन धर्म वताइएको छ त्यो सन्तुष्ट र अप्रमादि भिक्षुलाई प्राप्त हुन्छ ।"

## ३. आश्रवहरूको क्षय कसरी हुन्छ ?

भिक्षुहरू हो ! म जान्ने र देख्नेहरूलाई मात्र आश्रवहरूको क्षय प्राप्त हुन्छ भन्दछु तर नजान्ने र नदेख्नेहरूलाई हैन । भिक्षुहरू हो ! 'यो दुःख हो' भनेर जान्न र देख्नेको मात्र आश्रव क्षय हुन्छ, 'यो दुःख समुदय हो' ........ 'यो दुःखको निरोध हो' ...... ... यो दुःख निरोधतिर लैजाने मार्ग हो । भिक्षुहरू हो ! यसरी जान्ने र देख्नेहरूको आश्रवहरू क्षय हुन्छ ।

"सोझो मार्गमा हिंड्ने अभ्यासशील शैक्ष्यलाई अर्हंत मार्गमा प्रथम ज्ञान हुन्छ, त्यसपछि अर्हत्व ज्ञान र त्यसपछि अर्हत्व फलद्वारा ( प्रज्ञाद्वारा ) विमुक्तिको उत्तम ज्ञान हुन्छ अनि 'सबै बन्धनहरू क्षीण भइसके' भनेर क्लेशहरू क्षय भएको ज्ञान उत्पन्न हुन्छ । सबै ग्रन्थिहरूलाई खोलखाल गर्ने निर्वाणलाई अल्छि, मूर्ख र नजान्नेले पाउन सक्दैन ।"

Downloaded from http://www.dhamma.digital

## ४. असली श्रमण अथवा ब्राम्हण

भिक्षुहरू हो ! जो कुनै श्रामण अथवा ब्राह्मणले 'यो दुःख हो' भनेर त्यसलाई यथार्थ रूप जान्दैन, 'यो दुःख समुदय हो' भनेर त्यसलाई यथार्थ रूपमा जान्दैन, 'यो दुःख निरोध हो' भनेर त्यसलाई यथार्थ रूपमा जान्दैन, 'यो दुःख निरोध तिर लैजाने मार्ग हो' भनेर त्यसलाई यथार्थ रूपमा जान्दैन, भिक्षुहरू हो ! त्यो श्रमण अथवा ब्राह्मणलाई श्रमणहरूमा श्रमण र ब्राह्मणहरूमा ब्राम्हण मानिदैन अनि त्यस्तोले यसै जन्ममा श्रामण्य फल अथवा ब्राम्हण्य फललाई स्वयम:ज्ञानद्वारा साक्षात्कार गरी प्राप्त गर्न सक्दैन । भिक्षुहरू हो ! जो कुनै श्रामण अथवा ब्राम्हणले 'यो दुःख हो' भनेर त्यसलाई यथार्थ रूपमा जान्दछ, 'यो दुःख समुदय हो' भनेर त्यसलाई यथार्थ रूपमा जान्दछ, 'यो दुःख निरोध हो' भनेर त्यसलाई यथार्थ रूपमा जान्दछ, 'यो दुःख निरोधतिर लैजाने मार्ग हो' भनेर त्यसलाई यथार्थ रूपमा जान्दछ, भिक्षुहरू हो ! त्यस्तो श्रमण अथवा ब्राम्हणलाई श्रमणहरूमा श्रमण र ब्राणहरूमा ब्राम्हण मानिन्छ। त्यस्तोले यसै जन्ममा श्रामण्य फल अथवा ब्राम्हण्य फललाई स्वयम ज्ञानद्वारा साक्षात्कार गरी प्राप्त गर्दछ ।

"जसले दुःख र सुखको उत्पतिलाई जान्दैन, जहाँ दुःख पूर्णरूपले शान्त र दुःखलाई शान्तितिर लैजाने मार्गलाई पनि जान्दैन, त्यो चित विमुक्ति र प्रज्ञा विमुक्तिवाट वञ्चित हुन्छ। त्यो दुःखलाई अन्त गर्न समर्थ हुंदैन वरू त्यो जन्म र बूढो हुने चक्करमा परिरहन्छ । तर जसले दुःख र दुःखको उत्पतिलाई



Downloaded from http://www.dhamma.digital

जान्दछ, जहाँ दुःख पूर्णरूपले शान्त हुन्छ र दुःखलाई शान्ति-तिर लैजाने मार्गलाई पनि जान्दछ, त्यो चित्त विमुक्ति र प्रज्ञा विमुक्तिबाट युक्त हुन्छ । त्यस्तो व्यक्ति दुःखलाई अन्त गर्न समर्थ हुन्छ । त्यो जन्म र बूढो हुने चक्करमा परिरहँदैन ।"

## ५. उहाँको दर्शन लाभदायक छ

भिक्षुहरू हो ! जो भिक्षु शील, समाधि, प्रज्ञा, विमुक्ति र विमुक्ति ज्ञान दर्शनबाट युक्त हुन्छ अनि जो भिक्षु उपदेश दिने ( कर्म र कर्म फलको ) ग्रहण गर्ने, उत्तेजित गर्ने, सन्तोष दिने र सद्धर्मलाई राम्ररी व्याख्या गर्न सक्ने हुन्छ, भिक्षुहरू हो ! म त्यस्तो भिक्षुको दर्शन गर्न पनि लाभदायक ठान्दछु । श्रवण गर्नु पनि ......., नजीक जानु पनि..... ... सगत गर्नु पनि... ..., अनुस्मरण गर्नु पनि .... ... अनि उसको अनुगामी भएर प्रव्रजित हुनु पनि लाभदायक ठान्दछु । त्यस्तो किन त ? भिक्षुहरू हो ! त्यस्तो भिक्षुसंग सगत गर्दा अपरिपूर्ण शीलस्कन्ध पनि परिपूर्ण हुन्छ, अपरिपूर्ण समाधि स्कन्ध पनि परिपूर्ण हुन्छ अनि अपरिपूर्ण प्रज्ञा स्कन्ध, विमुक्ति स्कन्ध, विमुक्ति ज्ञान दर्शन स्कन्धहरू सबै परिपूर्ण हुन्छन् । भिक्षुहरू हो ! यसरी त्यस्तो भिक्षुलाई शास्ता पनि भनिन्छ, सार्थवाह........, प्रकाशित गर्ने.. ......, प्रद्योत गर्ने..... , उल्काधारी....... , प्रभङ्कर........, आर्य........ र चक्षुष्मान पनि भनिन्छ ।


Downloaded from http://www.dhamma.digital

''जाग्ने, संयमी, धर्मपूर्वक जीवन यापन गर्नेहरू पाई-हरूको लागि प्रमोद उत्पन्न उराउने हुन्छन् । तिनीहरू प्रभङ्कर, आलोक दिने, धीर, चक्षुष्मान, राग त्यागी र सद्धर्मलाई प्रकाशित गर्न सालक्त हुन्छन्, जसको धर्मलाई सुनेर, राम्रो जानेर पण्डितहरूले जन्मलाई क्षय गरी फेरि जन्म लिदैंन ।''

## ६ तृष्णाको कारणले भवचक्रमा परिरहन्छ

भिक्षुहरू हो ! यी चार तृष्णाका उत्पत्तिहरू हुन्, जसमा भिक्षुहरूलाई तृष्णा उत्पन्न हुन्छन् । कुन चार ? भिक्षुहरू हो ! भिक्षुलाई चीवरको लागि तृष्णा उत्पन्न हुन्छ या पिण्डपात (भोजन) को लागि .. ..., या शयन आसनको लागि .. , या लाभ हानीको लागि......... तृष्णा उत्पन्न हुन्छ । ......

''तृष्णा भएको व्यक्ति चिरकालदेखि चक्कर काटिरहेको छ । उत्पन्न भैरहन्छ र मरिरहन्छ । त्यसले संसारलाई अतिक्रमण गर्न सक्दैन । तृष्णालाई दुःख उत्पन्न हुन्छ । त्यसकारण यसको दोषलाई जानेर भिक्षुले तृष्णा रहित भएर आसक्तिलाई छाडेर स्मृतिमान भई विचरण गर्नुपर्छ ।''

## ७. माता पिता नै ब्रम्हा हुन्

भिक्षुहरू हो ! त्यो कुल ब्रम्हासंग भएको मानिन्छ जुन घरमा माता पिता छोराहरूद्वारा पूजित हुन्छन्। भिक्षुहरू हो! त्यो कुल पूर्व देवहरूसंग........, भिक्षुहरू हो ! त्यो कुल पूर्व आचार्यहरूसंग ........, भिक्षुहरू हो ! त्यो कुल आह-



Downloaded from http://www.dhamma.digital

वानीयहरूसंग भएको मानिन्छ जुन घरमा छोराहरूद्वारा माता पिता पूजित हुन्छन् । भिक्षुहरू हो ! 'ब्रह्मा' माता पिताको नाम हो । पूर्व देवता........., पूर्व आचार्य........., पूर्व आहवानीय' यी सबै माता पिताको नाम हुन् । कसरी ? भिक्षुहरू हो ! माता पिता छोराहरूका लागि ज्यादै उपकारक हुन्छन्, तिनीहरूले पालन पोषण गर्छन् र यो संसारलाई ( विभिन्न प्रकारले ) देखाइदिन्छन्।

"माता पिता नै ब्रम्हा, पूर्व आचार्य, आहवानीय र छोराहरूका लागि अनुकम्पक हुन्छन् । त्यसकारण बुद्धिमान पुरुषले माता पितालाई नमस्कार गर्नु पर्दछ अनि सेवा सत्कार गर्नु पर्दछ । अन्न, पेय, वस्त्र, शयन, उबटन, स्नान र गोडा धोएर उनीहरूको सेवा गर्नु पर्दछ । बुद्धिमान पुरुष माता पिताको त्यस्तो सेवाबाट यहाँ पनि प्रशंसित हुन्छ र मरेपछि उसले स्वर्गमा पनि प्रमोद गर्दछ ।"

## ८. परस्परको सहयोगबाट मुक्ति

भिक्षुहरू हो ! त्यस्तो ब्राम्हण-गृहस्थ ( गृहपति ) तिमीहरूको लागि धेरै उपकारक हुन्छ जसले तिमीहरूलाई चीवर, पिण्डपात ( भोजन ), शयन आसन, ग्लान प्रत्यय ( रोगीको पथ्य ), भैषज्य ( औषधी ) र परिष्कारहरू ( काम लाग्ने वस्तुहरू ) दिन संधै तत्पर रहन्छ । भिक्षुहरू हो ! तिमीहरू पनि ब्राम्हण गृहस्थको लागि धेरै उपकारक छौ । किनभने तिमीहरू पनि उसलाई आरम्भ, मध्य र अन्तमा कल्याणकारी हुने धर्मलाई शब्द र भाव सहित स्पष्ट



Downloaded from http://www.dhamma.digital

हुने गरी उपदेश दिएर सर्वांशमा परिपूर्ण र परिशुद्ध ब्रम्हचर्य-लाई प्रकाशित गर्दछौ । यसरी भिक्षुहरू हो ! परस्परको सहयोगवाट संसाररूपी बाढीवाट पार हुन र राम्ररी दुःख-लाई अन्त गर्न ब्रम्हचर्य पालन गरिन्छ ।

"घरवार भएको ( गृहस्थ ) र घरवार नभएको (प्रव्रजित) दुवैले परस्परको सहयोगवाट परम कल्याणकारक सर्वोत्तम सद्धर्मलाई पालन गर्दछन् । प्रव्रजितले पीडा हटाउन गृहस्थवाट चीवर, भोजन, भैषज्य र शयन आसन पाउँछ। घरवार भएको गृहस्थले तथागतको सहारामा आर्य प्रज्ञाको ध्यानी अर्हन्तहरूलाई विश्वास गरी स्वर्गगामी मार्गमा जाने धर्मको पालन गरेर देवलोकहरूमा आनन्दित हुन्छ अनि चाहेको पाएर प्रमोद पनि गर्दछ ।"

## ९. त्यो बुद्धलाई चाहन्छ

भिक्षुहरू हो ! जुन कुनै भिक्षु धूर्त, क्रोधी, गफाडी, चलाख, घमण्ड र एकाग्रता रहित हुन्छ भिक्षुहरू हो ! त्यो भिक्षुले मलाई चाहँदैन । भिक्षुहरू हो ! त्यस्तो भिक्षु यो धर्म विनय भन्दा वाहिर हुन्छ । भिक्षुहरू हो ! त्यस्तो भिक्षुले यो धर्म विनयमा वृद्धि, विरूढी र विपुल भावलाई प्राप्त गर्न सक्दैन । अनि भिक्षुहरू हो ! जुन कुनै भिक्षु धूर्त हुँदैन, क्रोधी हुँदैन, गफाडी हुँदैन, धीर हुन्छ र एकाग्र चित्त भएको हुन्छ भिक्षुहरूको ! त्यो भिक्षुले मलाई चाहन्छ । भिक्षुहरू हो! त्यस्तो भिक्षु यो धर्म विनयभन्दा वाहिर हुँदैन वरू त्यसले यो धर्म विनयलाई वृद्धि गरी विरूढी र विपुल भावलाई प्राप्त गर्दछ ।



Downloaded from http://www.dhamma.digital

"जो धूर्त, क्रोधी, गफी, चलाख, घमण्डी र एकाग्रता रहित हुन्छ त्यसले सम्यक सम्बुद्धबाट मानिसको धर्ममा उन्नति गर्न सक्दैन। जो धूर्त र गफी हुन्छ, धीर र क्रोध रहित हुन्छ अनि जो एकाग्र चित्त भएको हुन्छ त्यसले सम्यक सम्बुद्धबाट भनिएको धर्ममा उन्नति गर्दछ।"

## १०. पार भएको व्यक्ति

भिक्षुहरू हो! जसरी कुनै पुरुष बडो प्रेम र आनन्दसंग नदीको धारमा बग्दछ तब कुनै किनारमा उभिएको आंखा भएको मानिसले त्यसलाई देखेर यसो भन्दछ – 'हे पुरुष! यो त राम्रो कुरो हो कि तिमी प्रेम र आनन्दसंग यसरी नदीका धारमा बगिरहेका छौ तर यहाँ मुन्तिर लहर, भुमरी मगर र राक्षसी कुण्ड छ जहाँ तिमी पऱ्यौ भने मर्ने छौ अथवा मर्नु जतिकै दुःख पाउने छौ।' भिक्षुहरू हो! त्यसपछि त्यो बग्दै गरेको पुरुष त्यो अर्को पुरुषको कुरा सुनेपछि हात खुट्टा चलाउंदै बगिरहेको नदीको विपरित दिशातिर फर्कने प्रयत्न गर्दछ। भिक्षुहरू हो! कुरो सम्झाउनलाई मैले यो उदाहरण दिएको हो। भिक्षुहरू हो! अर्थ यस्तो हुन्छ– 'नदीको धार' ६ वटा भित्री आयतनहरू (चक्षु, श्रोत, घ्राण, जिह्वा, काय र मन) को नाम हो। 'मुन्तिरको कुण्ड' पाँचवटा अवर-भागीय संयोजनहरू (सत्काय दृष्टि, विचिकित्सा, शीलव्रत परामर्श, काम राग र व्यापाद)को नाम हो। 'लहर' क्रोध र परेशानीको नाम हो। 'भुमरी' पाँचवटा काम गुणहरू पाँचै इन्द्रियहरूसंग सम्बन्धित काम वासना) को नाम हो।



Downloaded from http://www.dhamma.digital

'मगर र राक्षस' यो स्त्रीको नाम हो। 'उल्टो धार' अथवा 'विपरित दिशा' नैष्क्रम्य (निष्कामता) को नाम हो। 'हात खुट्टा चलाएर प्रयत्न गर्नु' यो दृढ उद्योगको नाम हो। भिक्षुहरू हो! 'किनारमा उभिएको आँखा भएको पुरुष' यो तथागत अर्हत सम्यक सम्बुद्धको नाम हो।

"सचेत र मुक्त चित्त भएको व्यक्तिले अगाडि निर्वाणको कामना गरी यदि दुःखसग पनि काम भोगलाई छाडिदिन्छ भने त्यो व्यक्तिले (मार्ग फलको प्राप्तिसंगै) त्यहाँ विमुक्ति प्राप्त गर्दछ। त्यस्तो व्यक्तिलाई ज्ञानी, ब्रह्मचारी, लोकको अन्तकर्ता र पार भैसकेको भनिन्छ।"

## ११. निर्वाण कसले पाउँछ?

भिक्षुहरू हो! यदि कुनै भिक्षुलाई हिंडडुल गर्दा पनि काम वितर्क, व्यापाद वितर्क अथवा विहिंसा वितर्क उत्पन्न हुन्छ र उसले त्यस्तो वितर्कहरूलाई स्वीकार गर्दछ, त्यसलाई छाड्दैन, हटाउंदैन, निकाल्दैन, मेटाउंदैन भने भिक्षुहरू हो! हिंडडुल गर्दै गरेको भए तापनि त्यस्तो भिक्षुलाई अपरिश्रमी, असङ्कोची, साह्रै अल्छी र उद्योग रहित भनिन्छ। भिक्षुहरू हो! यदि त्यो उभिरहेको भए पनि,......बसेको भए पनि...... सुतेर उठेको भए पनि।.........

भिक्षुहरू हो! यदि हिंड्डुल गर्दा पनि भिक्षुलाई काम वितर्क, व्यापाद वितर्क अथवा विहिंसा वितर्क उत्पन्न हुन्छ अनि भिक्षुहरू हो! भिक्षुले त्यसलाई स्वीकार गर्दैन, छाडि-



Downloaded from http://www.dhamma.digital

दिन्छु, हटाउंछ, मेटाइदिन्छ भने भिक्षुहरू हो ! हिंड्दै गर्दाको भए पनि यस्तो भिक्षुलाई परिश्रमी, सङ्कोची, सर्व उद्योगशील र संयमी भनिन्छ । भिक्षुहरू हो ! यदि उभिएको भए पनि ......, बसेका भए पनि........, सुतेर उठेको भए पनि ...।

"जसले हिंड्दा, उभिदा, बस्दा अथवा सुत्दा काम-भोग सम्बन्धी खराब वितर्क गर्दछ, खराब मार्गमा हिंड्ने लोभ्याउने कुराहरूमा आकर्षित हुने गर्दछ त्यस्तो भिक्षु उत्तम सम्बोधि प्राप्त गर्न योग्य हुंदैन । जसले हिंड्दा, उभिदा, बस्दा अथवा सुत्दा वितर्कलाई शान्त पारेर वितर्कको शमनमा लागि रहन्छ त्यस्तो भिक्षु उत्तम सम्बोधि प्राप्त गर्न योग्य हुन्छ ।"

## १२. शीलबाट युक्त भएर विहार गर

भिक्षुहरू हो ! शीलबाट युक्त भएर विहार गर, प्रातिमोक्षबाट युक्त भएर प्रातिमोक्ष संयमलाई राम्ररी पालन गरी विहार गर । आचार गोचरबाट युक्त भएर थोरै दोषमा पनि डराउने शिक्षा पदको पालन गर्ने अभ्यास गर । भिक्षुहरू हो ! अरू करणीय के के छन् त ? भिक्षुहरू हो ! हिंड्दै गर्दा पनि भिक्षुको लोभ हटेर जान्छ, व्यापाद..... ..., स्त्यान-मृद्द ( मानसिक र शारीरिक आलस्य ),......., औद्धत्य (चञ्चलता) कौकृत्य (पछुतो)........, विचिकित्सा (सन्देह) हटेर जान्छ । उद्योगमा लागि रहंदा स्मृति उत्पन्न हुन्छ र शरीर पीडा रहित शान्त हुन्छ अनि चित्तको एकाग्रता प्राप्त हुन्छ । यसरी भिक्षुहरू ! हिंड्दा पनि यस्तो भिक्षुलाई



Downloaded from http://www.dhamma.digital

उहाँ भगवान बुद्ध हुनुहुन्छ र अनुत्तर सिंह हुनुहुन्छ जसले देवताहरू सहित संसारमा ब्रम्हचक्र चलाउनु भयो ।

देवता र मनुष्यहरू जो उहाँ जस्तो बुद्धको शरणमा गएका छन्, तिनीहरू एकत्र भएर उहाँ जस्ता महान निर्भय लाई नमस्कार गर्दछन् ।

"दमन गर्नेहरूमा दान्त श्रेष्ठ हुनुहुन्छ र शमन गर्नेहरूमा शान्त ऋषि हुनुहुन्छ । मुक्त गर्नेहरूमा मुक्त भैसक्नु भएको अग्र हुनुहुन्छ र तार्नेहरूमा तरिसक्नु भएको श्रेष्ठ हुनुहुन्छ ।" तिनीहरूले यसै कारण उहाँ जस्ता महान निर्भय (तथागत) लाई नमस्कार गर्दछन् । "देवताहरू सहित उहाँ संसारमा अद्वितीय हुनुहुन्छ ।"

Dhamma.Digital

❀ इतिवुत्तक समाप्त ❀



Downloaded from http://www.dhamma.digital

# बोधिनी

१. अनागामी– तल पाँचवटा र माथि पाँचवटा गरी जम्मा दशवटा संयोजनहरू हुन्छन्। जो तलका पाँचवटा संयोजनहरूलाई हटाएर मात्र मर्दछ त्यो शुद्धावास ब्रह्मलोकमा जन्मन्छ अनि त्यही माथिका पाँचवटा संयोजनहरू जस्तै रूपराग, अरूपराग, मान, औद्धत्य र अविद्यालाई हटाएर परिनिर्वाण प्राप्त गर्दछ। त्यस्तोले फेरि कहिलै यस संसारमा जन्म लिदैन। यस्तो व्यक्तिलाई अनागामी भनिन्छ। यो ज्ञान–गवेषी अर्थात् शैक्ष्यहरूको तेश्रो अवस्था हो। यसपछि ज्ञान–गवेषी 'अर्हत्व' प्राप्त गरेर जीवन मुक्त हुन्छ। जुन व्यक्ति अनागामी हुन्छ। जुन व्यक्ति अनागामी हुन्छ त्यो व्यक्ति फेरि कहिलै च्युत हुने सम्भावना हुंदैन।

२. शैक्ष्य– ज्ञानको दृष्टिकोणबाट मनुष्यको वर्गिकरण तीन प्रकारका हुन्छन्:– (१) जसले ज्ञान प्राप्त गरेको छैन त्यसलाई पृथकजन भनिन्छ। (२) जसले ज्ञानको केही अंश-लाई प्राप्त गरेको हुन्छ र केही अंश प्राप्त गर्न बाँकी हुन्छ



Downloaded from http://www.dhamma.digital

त्यसलाई शैक्ष्य भनिन्छ । वस्तुतः श्रोतापन्न, सकृदागामी र अनागामीको यो नाम हो । (३) अर्हत्व प्राप्त व्यक्तिलाई अशैक्ष्य भनिन्छ । किनभने त्यस्तो व्यक्तिले यस संसारमा सिक्नु पर्ने केही बाँकी हुंदैन ।

३. संवर्त– यो एउटा कल्पको नाम हो । प्रलय हुनलाई नै संवर्त कल्प भनिन्छ । संसारको प्रलय अग्निवाट सात पटक हुन्छ । आठौं पटक पानीवाट र जव यसरी चौसट्ठी पटक प्रलय हुन्छ तव पैंसट्ठी पटकको प्रलय वायुवाट हुंछ । बुद्धधर्म अनुसार प्रलय अथवा संवर्त कल्पको यस्तो क्रम सधैं रहन्छ ।

४ विवर्त संवर्त कल्पपछि जवसम्म प्रलय भई नै रहन्छ तवसम्म त्यसलाई सवर्त स्थायी कल्प भनिन्छ । त्यस-पछि जव सृष्टिको प्रारम्भ हुन्छ तव आभास्वर ब्रह्मलोकवाट च्युत भएर सत्व आउन थाल्दछ र विस्तारै रसापृथ्वी आदि-को निर्माण हुन थाल्दछ । त्यस्तो समयलाई विवर्त काल भनिन्छ । यो नाम सृष्टि कालकै नाम हो ।

५. आभास्वर– प्रथम ध्यान प्राप्त गर्ने व्यक्ति प्रथम ध्यानको भूमि भएको ब्रह्मालोकमा उत्पन्न हुन्छ । प्रथम ध्यानको भूमि भएको ब्रह्मालोक तीन प्रकारका हुन्छन्ः– परित्ताभ ( अल्प प्रकाश भएको ), अप्पमाणाभ ( असीमित प्रकाश भएको ) अनि आभास्वर । आभास्वर ब्रम्हलोकमा उत्पन्न भएको ब्रम्हाको शरीरवाट मसालको ज्वाला जस्तै सधैं प्रकाश निस्किरहन्छ अथवा चारै दिशामा त्यस्तोप्रकाश



Downloaded from http://www.dhamma.digital

फैलिरहन्छ । त्यसकारण त्यस्तो ब्रम्हलोकलाई आभास्वर भनिन्छ । सृष्टिको आरम्भमा त्यहींबाट च्युत भएर सत्य शून्य ब्रम्ह–विमानमा आउँछ अनि रसा पृथ्वी उत्पन्न भएपछि त्यसको सेवन गरेर क्रमश : पृथ्वीको निर्माण भैसकेपछि त्यहाँ झोलिन्छ अनि मानव जातिको नव-रचना अथवा नयाँ अध्याय शुरु हुन्छ ।

६. वैदुल्य पहाड– यो पटना जिल्लाको ( भारतको ) राजगिरी ( राजगृह ) भन्ने ठाउँको एउटा प्राचीन पहाडको नाम हो । अझै पनि राजगिरीका वासीहरूले त्यस पहाडलाई विपुलागिरी नै भन्दछन् ।

७. आर्य अष्टाङ्गिक मार्ग– मध्यम मार्गलाई नै आर्य अष्टाङ्गिक मार्ग भनिन्छ । निर्वाण प्राप्त गर्नलाई जुन मार्ग हुन्छ त्यसका आठवटा अङ्ग ( भाग ) हुन्छन् त्यसैले आर्य अष्टाङ्गिक भनिएको हो । ती आठवटा अङ्गहरू यस प्रकार छन् :– (१) सम्यक दृष्टि (२) सम्यक सङ्कल्प (३) सम्यक वाणी (४) सम्यक कर्मान्त ( ५ ) सम्यक आजीविका (६) सम्यक व्यायम ( ७ ) सम्यक स्मृति र (८) सम्यक समाधि । यी अङ्गहरूमा पहिलो दुई ज्ञानसंग ( प्रज्ञासंग ) सम्वन्धित छन्, बीचका चार आचारसंग ( शीलसंग ) सम्वन्धित छन् र अन्तिम दुई योगसंग ( समाधिसंग ) सम्वन्धित छन् ।



Downloaded from http://www.dhamma.digital

८. चार आर्य सत्य– दु:ख, दु:ख–समुदय, दु:ख निरोध र दु:ख निरोधगामी प्रतिपद यिनै चारलाई चार आर्य सत्य भनिन्छ ।

९ निर्वाण– परम सुख मोक्षको नाम नै निर्वाण हो। राग, द्वेष र मोहको क्षय नै निर्वाण हो । निर्वाण दुई प्रकारका हुन्छन्:– उपादिशेष निर्वाण र अनुपादिशेष निर्वाण। उपादिशेष निर्वाण क्लेशहरूलाई नाश गरी जीवित रहँदै प्राप्त हुन्छ] जसरी भगवान बुद्धले वोद्धिवृक्ष मुनि प्राप्त गर्नु भएको थियो । अनुपादिशेष निर्वाण परिनिर्वाण भएपछि (शरीर वितेपछि) प्राप्त हुन्छ । अर्हतको पञ्चस्कन्ध छुट्नु नं अनुपादिशेष निर्वाण हो जसरी भगवान बुद्धले कुशीनारामा जोर शाल वृक्षमुनि प्राप्त गर्नुभएको थियो ।

१०. अभिज्ञा– यसको अर्थ हुन्छ विशेष ज्ञान । विशेष ज्ञान ६ प्रकारका हुन्छन्:– (१) ऋद्धिविध ज्ञान (२) दिव्य श्रोत ज्ञान (३) चेतोपरिय ज्ञान (४) पूर्व निवास ज्ञान (५) दिव्य चक्षु र (६) आश्रव क्षय ज्ञान । अभिज्ञा भनेको यिनै ज्ञानहरू हुन् । तर ग्रन्थमा यस्तो अर्थलागेको छैन । ग्रन्थमा यसको अर्थ हुन्छ– "स्कन्ध आदि कुराहरूलाई विशेष ज्ञानद्वारा ठीक ठीक जान्नु ।"

११. परिज्ञा– त्रिलोकीका सबै कुरालाई 'यो दु:ख हो' भन्ने जानेर त्यसलाई छोडिदिनु यो शब्दको अर्थ हो ।



Downloaded from http://www.dhamma.digital

१२. आश्रव– कामाश्रव, भवाश्रव, दृष्टाश्रव र अविद्याश्रव यी चार आश्रवहरू हुन्छन् । पाँचवटा काम गुणहरू सम्बन्धी राग कामाश्रव हो। रूप र अरूप भवमा उत्पन्न हुने छन्द राग, ध्यानको इच्छा, शाश्वत दृष्टि, सहगत उत्पन्न हुने राग र भवको लागि प्रार्थना गर्नु भवाश्रव हो। पूर्वान्त-अपरान्त जस्ता वैसट्ठी प्रकारका दृष्टिहरू दृष्टाश्रव हुन् । दुःख, दुःख समुदय, दुःख निरोध अनि दुःख निरोधगामिनी प्रतिपदा, पूर्वान्त, अपरान्त पूर्वापरान्त र प्रतित्यसमुत्पाद यी आठ कुराहरूको अज्ञानलाई अविद्याश्रव भनिन्छ । यस्तै चार प्रकारका आश्रवहरू अर्हतमा हुँदैन र जसले गर्दा उ आश्रव मुक्त हुन्छ ।

१३. पंचस्कन्ध – कुनै पनि व्यक्ति मानसिक र शारीरिक दुवै अवस्थाहरूको पुञ्ज भएको हुँदा त्यसलाई नाम र रूप भनिन्छ । जुन सुक्ष्म पुञ्ज हुन्छ त्यो नाम हुन्छ र जुन स्थूल हुन्छ त्यो रूप हुन्छ । वेदना संज्ञा, संस्कार र विज्ञान नामको चार अवस्था हुन्छन् र बाँकी रूप हुन्छ । यसरी व्यक्तिको अवस्थाहरूको साधारणतः पाँचवटा पुञ्ज देखिनु त्यसैलाई पंचस्कन्ध भनिन्छ ।

१४. बोधिपाक्षिक धर्म – चार स्मृति प्रस्थान, चार सम्यक प्रधान, चार ऋद्धिपाद, पाँच इन्द्रिय, पाँच बल, सात बोध्यङ्ग, आर्य अष्टाङ्गिक मार्ग गरी जम्मा ३७ बोधिपाक्षिक धर्महरू छन् जुन चाहीं वास्तवमा बुद्धधर्म हो ।

१५. अवीचि नरक – यसलाई महा नरक पनि भनिन्छ । यसमा सधैं आगोको ज्वाला एकनासले उठ्ने गर्दछ । कहिले



Downloaded from http://www.dhamma.digital

पनि ज्वालावाट यो नरक खाली हुंदैन । त्यसकारण यसलाई अवीचि नरक भनिन्छ अट्ठकथा ( पपंच-सूदनी १३० ) मा भनिएको छ कि यस्तो नरक शय योजन लामो र शय योजन चौडा हुन्छ । त्यसको धरातल र छत सबै लोहमय हुन्छ। त्यसको भित्तावाट संधै ज्वाला निस्केर चारैतिर एकनासले फैलिरहन्छ ।

१६. प्रातिमोक्ष – भिक्षु-भिक्षुणीहरूले पालन गर्नुपर्ने मियमहरूको संग्रहलाई 'प्रातिमोक्ष' भनिन्छ । भिक्षु प्रतिमोक्ष र भिक्षुणी प्रातिमोक्ष दुई भागमा विभक्त छन् । भिक्षु प्रतिमोक्षमा २२७ र भिक्षुणी प्रातिमोक्षमा ३३१ नियमहरू हुन्छन । प्रत्येक भिक्षुवाट यो आशा गरिन्छ कि उसले आफ्नो लागि निर्दिष्ट यी नियमहरूको पालन गर्नेछन् ।

*



Downloaded from http://www.dhamma.digital